स्वास्थ्य मापदण्डको पालना गरी विद्यालय, क्याम्पसलगायतका शैक्षिक संस्था सञ्चालनमा सहयोग पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
prateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ फागुन ०२ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 14 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७०

## अस्पतालमैं उत्सव मनाउँछन् स्वास्थ्यकर्मीहरू



एनआइसियू र गाइनो वार्डमा जन्मदिन मनाउँदै तथा गाइनो वार्डमैं बेहुली बन्नेलाई बिदाइ गर्दै । तस्वीरः फेसबूक

सुषमा शर्मा, वीरगंज, १ फागुन/

नारायणी अस्पतालभित्रै स्वास्थ्यकर्मीले जन्मदिन, वैवाहिक वर्षगाँठलगायतका कार्यक्रमहरू आयोजना गर्ने गरेका छन् ।

अस्पतालका विभिन्न वार्डमा यस प्रकारका गतिविधिहरू अहिले बढ्दो छ । भर्खरै एकजना स्वास्थ्यकर्मीलाई विवाहपूर्व बिदाइ गरियो । 'ब्राइड टु बी'को संज्ञा दिँदै अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मीहरूले उनलाई विवाहको शुभकामना दिएका थिए ।

नारायणी अस्पतालको आइसियूमा एकजना स्वास्थ्यकर्मीको जन्मदिन मनाइयो । अस्पतालभित्रै यस्ता घटनाहरू प्रायः हुँदै आएका छन् । अस्पतालभित्रै यस प्रकारका गतिविधि निषेध भएपनि स्वास्थ्यकर्मीहरूले पालना गरेका छैनन् ।

एनआइसियूजस्तो संवेदनशील वार्डमा यस प्रकारका गतिविधि सुहाउँदो नभएको स्वयम्ए चिकित्सकहरू बताउँछन् । नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले अस्पतालभित्रका वार्डहरूमा यस प्रकारका गतिविधि नगर्न बारम्बार चेतावनी दिएको र अब कारबाई गर्ने बताए । उनले सामाजिक सञ्जालहरूमा यस्ता गतिविधिहरू भएको देखेपछि आफूले सम्बन्धित वार्डका प्रमुखलाई सो कार्य रोक्न सुझाव दिएको तर अटेर गरेको पाइएकाले आगामी दिनमा त्यस्ता गतिविधि गर्नेविरुद्ध कारबाई गर्ने चेतावनी दिए ।

डा राकेश सिंहले पनि यस प्रकारका कार्यक्रम गर्न नहुने बताए । उनले कर्मचारीहरूले आफ्नो खुशियालीमा कार्यक्रम गर्दा अस्पतालको सभाहलको प्रयोग गर्नुपर्ने र त्यसको लागि पनि मेडिकल सुपरिटेन्डेन्टको इजाजत लिनुपर्ने बताए । उनले अस्पतालका वार्डहरू बिरामीहरूको लागि भएको र उनीहरूलाई असर पर्ने कुनै पनि गतिविधि गर्न नहुने बताए । स्वास्थ्यकर्मीले यसको ख्याल राख्नुपर्ने उनको सुझाव छ । यस्ता कार्यक्रम गर्दा अस्पतालको पोशाक लगाउनु झनै ठूलो अपराध भएको उनले बताए । व्यक्तिगत कार्यक्रमहरू निषेधित क्षेत्रमा नगरी अन्य क्षेत्रमा गर्दा पनि अस्पतालको पोशाक प्रयोग गर्न नहुने उनले बताए ।

नारायणी अस्पतालको गाइनो वार्डमा सबैभन्दा बढी यस प्रकारका कार्यक्रमहरू हुने गरेका छन् । सो वार्डमा कार्यरत स्वास्थ्यकर्मीहरूले तीजको दर पनि खाने र नाचगान गर्ने गरेका छन् । अन्य वार्डहरूमा भने जन्मदिन मनाउने, वैवाहिक वर्षगाँठ मनाउने र हालका दिनमा बेहुली बन्नुपूर्वको बिदाइ कार्यक्रम पनि हुँदै आएका छन् ।

## अनुदानको बीउ भण्डारमैं कुहियो

प्रस, पोखरिया, १ फागुन/

पोखरिया नगरपालिकाले दुवै धान गरी ३८ क्विन्टल खरीद गरेको र किसानलाई पचास प्रतिशत




किसानहरूलाई अनुदानको लागि ल्याएको धानको बीउ कुहिएर नष्ट भएको छ ।

गत जेठको अन्तिममा धानबाली लगाइसकेपछि नगरपालिकाले सुवर्ण सय एक र ६४४४ हाइब्रिड धानको बीउ खरीद गरेको थियो ।

अनुदान सहयोगमा वितरण गर्ने योजना थियो तर अधिकांश किसानले धान रोपिसकेपछि नगरपालिकाले ल्याएको यो हाइब्रिड धानको बीउ केवल तीन क्विन्टल मात्र अनुदान सहयोगमा

(बाँकी अन्तिम पातामा)

## थारू समुदायमा वैवाहिक कार्यक्रम, मरणमा एकअर्कालाई सहयोग गर्ने चलन

प्रस, सेढवा, १ फागुन/

पर्साको थरुहट क्षेत्रमा भोजभतेरमा सामाजिकरूपले सहयोग गर्ने परम्परा चलनमा छ । विवाह तथा मरणहरणको समयमा सम्बन्धित व्यक्तिलाई आर्थिक समस्या नहोस् भनी समुदायका व्यक्तिले आर्थिक सहयोग उपलब्ध गराउँछन् । वैवाहिक कार्यक्रमका लागि आवश्यक खाद्यान्न, माछा, मासु, तरकारी तथा अन्य सामग्रीहरू दिने चलन छ ।

जीराभवानी गाउँपालिका–२ का शङ्कर चौधरीले भोजभतेरका लागि आफैंले सबै कुराको व्यवस्थापन गर्दा कठिनाइ हुने र यसको लागि ठूलो रकमको आवश्यकता पर्ने हुँदा समुदायकै साथीभाइहरूले सहयोग गर्ने गरेको बताए । साथीभाइलाई वैवाहिक कार्यक्रमको भोजभतेरमा सहयोग गर्दा उनीहरूले पनि आफ्नो घरको वैवाहिक कार्यक्रममा सहयोग गर्ने गरेको बताए ।

त्यस्तै, जन्तीका लागि रथ, गाडी, फर्निचर, टेन्ट, गहना तथा दाइजोका लागि भाँडाकुँडा सहयोग लेनदेन हुने गरेको उनले बताए । छोरीलाई प्रदान गरिने टेलिभिजन, वासिङ मेशिन, रेफ्रिजेरेटरलगायत विद्युतीय सामग्रीसमेत आपसी सहयोगमा लिनेदिने गरिएको चौधरीले बताए ।

थारू कल्याणकारी समिति, पर्साका केन्द्रीय पार्षद् महेन्द्र चौधरीले समुदायमा आपसी सहयोगको भावना विकसित हुँदा सबैलाई लाभ भएको बताए । सहयोग लिंदा वा दिंदा आर्थिक भार कम हुने तथा गरीब परिवारका छोराछोरीको विवाहमा सहयोग मिल्ने र पछि बिस्तारै सहयोग फिर्ता गर्ने हुँदा आपसी सद्भावको पनि विकास भएको चौधरीको भनाइ छ ।

### छोटकरी

#### एमालेलाई दरिलो बनाउन जोड

प्रस, रौतहट, १ फागुन/

नेकपा एमालेका केन्द्रीय सदस्य उद्धव रेग्मीले नेकपा एमालेलाई दरिलो बनाउनुपर्नेमा जोड दिएका छन् ।

चन्द्रपुरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले पार्टीलाई बलियो बनाउन सबै तहतप्का लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा एमाले रौतहटका सचिव बालविक्रम कार्की, चन्द्रपुर नगर कमिटी अध्यक्ष शिव आचार्य, उपाध्यक्ष राजु तिवारीलगायतको सहभागिता रहेको चन्द्रपुर–५ का अध्यक्ष नवीन बरालले जानकारी गराए ।



## विचारसार र सूक्तिहरू

**जीवन चिया पकाउनुजस्तै हो । आफ्नो अहम् उमाल, दुःखलाई भाप बनेर उड्नदेऊ, चिन्ता घोलिदेऊ, गलतीहरू छान– यसरी तयार चियाको स्वादले खुशीको स्वाद पाऊ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# गैरजिम्मेवारीपनको परिणाम

**तोकिएको समयमा निर्माण सम्पन्न नगर्ने कुरामा होडबाजी नै शुरू भएको छ । सरकारले विभिन्न योजनाहरू समयमा सम्पन्न गर्ने गरी दिएको समयसीमाभन्दा बढी समयमा पनि निर्माण कार्य सम्पन्न नभएका थुप्रै उदाहरण हामीसामु छन् । विभिन्न बहानामा निर्माण कार्यहरू समयमा सम्पन्न नभएको थुप्रै उदाहरण हामी सामु छन् । राष्ट्रिय गौरवका विषय बनाइएको द्रुतमार्ग होस् अथवा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल । राष्ट्रिय गौरवका यी संरचनाहरूको निर्माणमा चरम लापरवाही भइरहेको छ भने अन्य निर्माणका कुराहरूमा लापरवाहीको मापन कसले गर्ने ? जुनसुकै सरकार आओस् राष्ट्रिय गौरवका सवालमा ठूला कुरा गर्ने तर काम भने सानो गर्ने परिपाटीको हाम्रो देशमा उहिल्यैदेखि विकास भएको कुरालाई नकार्न सकिन्न । उदाहरणका लागि पर्सा जिल्लाको सन्दर्भलाई केलाउने हो भने पनि ठूला योजनाहरू समयमा नसकिएका थुप्रै दृष्टान्त हामीसामु छन् । हुलाकी सडक होस् वा वीरगंज महानगरपालिका अन्तर्गतको बिपी उद्यान त्यसका दृष्टान्त हुन् । हुलाकी सडक निर्माणको कुरा भारत सरकारको सहयोगमा शुरू भएको योजना हो । पछिल्लो समयमा तीन दशकभन्दा लामो समयपछि यो योजना नेपाल सरकारले सञ्चालनमा ल्याएको छ । तर यो योजनाको कार्यप्रगति पनि अहिलेसम्म आसलाग्दो भइसकेको छैन । हुलाकी सडक अन्तर्गत निर्मित सडकका कारण थुप्रै स्थानमा धेरै खाले परिवर्तन भएका छन् । जग्गाको मोल बढेको छ, व्यापार फस्टयाएको छ, आममानिसको आवतजावत सहज भएको छ तर पूर्व मेचीदेखि पश्चिम महाकाली जोड्ने यो सडकखण्डको पूर्णरूपमा निर्माण हुन भने अहिलेसम्म सम्भव भइसकेको छैन । यसका विविध पक्षहरू होलान् ।**

**यो योजना मधेसको विकासका लागि कोसेढुङ्गा साबित हुन सक्ला तर ३५ वर्ष लामो समयदेखि यसको विकास रोकिनुको तार्किक कुरा भने जनतासामु आइसकेको छैन । योजना तर्जुमा गर्नु र लागू गर्नु मात्र बहादुरीको कुरा होइन, यस्ता योजनाहरू तर्जुमा गर्दा र लागू गर्दा तोकिएको समयमा पूरा गर्नुपर्छ भन्ने नैतिक दायित्व पनि पूरा गरिनुपर्छ र त्यसको जिम्मेवारी लिने पक्ष संवेदनशील हुनुपर्छ । केन्द्रीयस्तरबाट हुने यस प्रकारका कार्यहरूको सिको प्रदेश र स्थानीय सरकारले गर्दै आएका छन्, जसको परिणाम आमजनताले भोग्न बाध्य छ ।**

**वीरगंज महानगरमा सघन शहरी तथा भवन निर्माण आयोजनाले दुईवटा काम सञ्चालन गरेको छ । तीसवटा स्थानमा ५२ किलोमिटर सडक निर्माण र स्तर उन्नतिको लागि करीब डेढ सय करोड रकम खर्च गरेको यो आयोजनाको करीब आधाभन्दा बढी काम सम्पन्न हुन सकेको छैन । दुईवटा ठेकदार कम्पनीले सकार गरेको यो योजना साढे तीन वर्ष पूरा हुन लाग्दा पनि सम्पन्न हुन सकेको छैन। दुई वर्षमा सम्पन्न हुनुपर्ने योजना लगभग दोब्बरी समयमा सम्पन्न हुन नसक्दा त्यसको उचित कारण सम्बन्धित ठेकेदार कम्पनीले दिन नसकेको अवस्थामा उनीहरूको फर्जी निवेदनका आधारमा म्याद थप गर्ने पनि उत्तिकै कसूरवार देखिन्छन् । यसैलाई भनिन्छ, अन्धेर नगरी चौपट राजा, टके सेर भाजी टके सेर खाजा ।**

# वर्तमान शिक्षा प्रणाली

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**आज शिक्षाप्रति सजग हुनु जरूरी छ । शिक्षा स्वदेशको इच्छा–आवश्यकताको वाहक र स्वदेशी माध्यमबाट दिने बनाउनु अत्यन्त खाँचो छ । यदि वर्तमान शिक्षा प्रणालीमा परिवर्तन गरिएन भने यस देशको पशुपतिनाथ नै मालिक हुनेछन् ।**

शिक्षाको वास्तविक अर्थ हुन्छ, केही सिखेर आफूलाई पूर्ण बनाउनु । यस दृष्टिकोणले शिक्षालाई मानव जीवनको आँखा पनि भनिन्छ । त्यस आँखाले मानिसलाई जीवनप्रति सही दृष्टि प्रदान गरेर कसरी उसको भलो हुन्छ भन्ने बाटो देखाउँछ । उसले के गर्दा सही हुन्छ र के गर्दा गलत भन्ने ठम्याउन सक्छ । उसलाई सबै खाले प्रगतिशील काम गर्ने योग्य बनाउँछ । शिक्षाले मानिसमा भएको समझलाई विकसित गर्दछ जसले गर्दा ऊ सही अर्थमा मानवीय जीवन व्यतीत गर्न सक्छ। उसको कार्य क्षमतामा वृद्धि हुन्छ र उसमा सुषुप्त अवस्थामा रहेको शक्तिलाई जागृत गरेर राष्ट्रिय जीवनलाई पनि प्रगति पथमा अग्रसर गराउन सामर्थ्यवान् बनाउन सक्छ । शिक्षाको उद्देश्य मानिसको हृदयभित्र लुकेको क्षमताको प्रकटीकरण हो ।

तर के आजका विद्यार्थीहरूले जुन प्रकारको शिक्षा हासिल गरिरहेका छन् र शिक्षा प्रणालीको जुन रूप विद्यमान छ, त्यसबाट के उनीहरू सबै थोक गर्न सक्षम छन् ? यसको जवाफ 'होइन' मात्र हुन सक्छ । वर्तमान शिक्षा प्रणालीको जन्मदाता मैकालेको उद्देश्य देशको लागि चाहिने कर्मचारी र जागीरे पैदा गर्नु थियो । हुनत हाल नेपालमा शिक्षाको धेरै विस्तार भएको छ तर धेरै कम प्रतिशत मानिस शिक्षित र धेरैजसो साक्षर हुनुभन्दा बढी केही भएका छैनन् । उनीहरूले आफूलाई सुशिक्षित त के, सामान्य स्तरको शिक्षित हुने दाबी पनि गर्न सक्दैनन् । यसको एकमात्र कारण त्यही पुरानो शिक्षा प्रणालीको विद्यमानता हो । बर्सेनि त्यसको बाहिरी जिल्द मात्र फेरिन्छ तर भित्री कुरा केही फेरिएको छैन । जुनसुकै दलको सरकार भए पनि हालसम्म देश आज पनि साक्षरताको अँध्यारो गल्लीमा भौंतारिइरहेको छ । त्यो पनि विदेशी माध्यममा । स्वदेशीपनको त सर्वथा अभाव छ, उपेक्षित छ ।

पहिले गुरु र शिष्यको सम्बन्ध सौहार्दपूर्ण थियो । गुरुले शिष्यलाई आफ्नै छोराछोरी सरह माया गर्दथे । शिक्षाको उद्देश्य शारीरिक, मानसिक र आत्मिक विकास गर्नु थियो । तर आज यस सम्बन्धले व्यावसायिक रूप लिएको छ । शिक्षकहरू आज पसले बनेका छन् भने विद्यार्थीहरू ग्राहक हुन् । बुझ्नुपर्ने कुरा के हो भने कुनै पनि देशको भावी कर्णधार त्यस देशको युवा शक्ति नै हुने गर्दछ । यस अर्थमा देशका युवाहरूलाई जस्तो शिक्षा प्राप्त हुन्छ, त्यस देशको भविष्य पनि त्यस्तै हुन्छ । मैकालेलाई के थाहा थियो भने कुनै पनि देशलाई गुलाम बनाउनको लागि त्यहाँको साहित्य र इतिहास समाप्त गर्नुपर्छ र त्यहाँको शिक्षा प्रणाली आफ्नो अनुकूल बनाउनुपर्छ । आज हाम्रो देशमा पनि यही भइरहेको छ। उदाहरणका लागि सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ हुनु र नेपाली भाषा र संस्कृतिलाई उपेक्षाको दृष्टिले हेरिनु हो ।

वर्तमान शिक्षा प्रणाली शिक्षित हुने अहङ्कार बोक्ने मानिसहरूको उत्पादन गर्ने निर्जीव मेशीन बनेर रहेको छ । यस कारणले नै होला यस शिक्षा पद्धतिले उत्पादनको नाउँमा प्रत्येक वर्ष लाखौं दिशाहीन युवा जन्माएर आफ्नो कर्तव्य सम्पन्न भएको बुझ्दछ । आज मानिस शिक्षित भएर पनि आफूलाई थाकेको र पराजित महसूस गरिरहेको छ । स्यानो समस्याले पनि उसलाई विचलित बनाउँछ। श्रमको सम्मान कसरी गर्ने भन्ने कुरा उसलाई थाहा छैन । यो वर्तमान शिक्षा प्रणालीको दोष होइन भने के हो ? यस्ता मानिस देशको लागि केही गर्न सक्छन् भन्ने आस राख्नु व्यर्थ हो । विडम्बना त के छ भने हाम्रो इतिहास गौरवशाली र समृद्ध रहेको कुरा आज विद्यार्थीहरूलाई थाहा छैन र यो उनीहरूको रुचिको विषय पनि होइन। आज शिक्षक र विद्यार्थी दुवैको श्रम–क्षमतामा ह्रास आएको छ। आज छात्र र शिक्षक दुवै छिटोछरितो बाटोबाट धनार्जनको अनुचित मार्ग खोजिरहेका भेटिन्छन् जसबाट समाजमा अनैतिकताले प्रश्रय पाएको छ।

परीक्षाको उद्देश्य कुनै पनि मानिसको योग्यताको जाँच गर्नु हो तर वर्तमान परीक्षा प्रणालीले विद्यार्थीहरूको योग्यताको वास्तविक जाँच हुँदैन। यसर्थ हाल यसमा केही साधारण सुधार गरिएको छ तर यसप्रति आम जनमानसको बुझाइ प्रस्ट छैन। भन्न के खोजिएको हो भने यस परीक्षा प्रणालीमा विद्यार्थीहरूको वास्तविक योग्यताको मूल्याङ्कन त के: यसबारे अनुभव पनि हुन दिंदैन। वास्तवमा यसले हालसम्म योग्य र अयोग्यको कुनै ठोस मापदण्ड प्रस्तुत गर्न सकेको छैन। यस प्रणालीमा प्रायः योग्य विद्यार्थीहरू पिछडिएर दिगभ्रमित हुन्छन् र अयोग्य त्यसबाट लाभान्वित हुन्छन् । बढी विषयको भारले गर्दा विद्यार्थीहरू कुनै पनि विषयमा दक्षता हासिल गर्न पाउँदैनन् मात्र यो–यो विषय पढेको गन्ती गर्न सक्छन् ।

अर्कोतिर वर्तमान शिक्षा प्रणाली बोझिलो र महँगो हुँदै गएको छ । सामुदायिक विद्यालयको निश्शुल्क शिक्षामा पनि अङ्ग्रेजी शिक्षाको नाममा शुल्क लिन थालिएको छ भने संस्थागत विद्यालयहरूमा बर्सेनि शुल्क वृद्धि हुँदै गएको छ तर सम्बन्धित निकाय मौन छ। सरकारले पनि यस्ता विद्यालयहरूको लागि कागजमा मात्र नियमावली ल्याएको छ तर व्यवहारमा कहीं पनि कार्यान्वयन भएको देखिंदैन । जसले गर्दा धेरैजसो मानिस वा परिवारलाई शिक्षामा लाग्ने खर्च धान्न गाऱ्हो भइरहेको छ । त्यहीं आत्मबोध, राष्ट्रबोध, सामुदायिकबोध र मानवीयताबोध गराउन वर्तमान शिक्षा प्रणाली असफल रहेको छ। यस कारण वर्तमान शिक्षा प्रणालीमा परिवर्तनको खाँचो छ। यसका लागि धेरै आयोगहरू पनि गठन नभएको होइन तर कुन विवशताले गर्दा हालसम्म परम्परागत प्रणाली अन्तर्गत नै विद्यालयहरूमा शिक्षा दिइँदै आएको छ थाहा हुन सकेको छैन। आज पनि राष्ट्रको इच्छा, आकाङ्क्षा र आवश्यकताविपरीत शिक्षण प्रणालीलाई कोलको गोरुजस्तै आफ्नो काँधमा लादेर मानिसहरू किन घुमिरहेका छन् बुझ्न गाऱ्हो भइसकेको छ । यस प्रकारको मानसिकतालाई कुनै पनि प्रकारले स्वस्थ र सुखद भन्न सकिंदैन ।

हाम्रो वर्तमान शिक्षा प्रणालीमा अन्य कैयन दोष छन् जसबारे विस्तारपूर्वक वर्णन गर्दा एउटा किताब तयार हुन सक्छ। छोटकरीमा भन्नुपर्दा वर्तमान शिक्षा प्रणालीमा नैतिक शिक्षाको अभाव छ भने यसले बेरोजगारी पनि वृद्धि गरेको छ । यसबाट के प्रस्ट हुन्छ भने वर्तमान शिक्षा प्रणालीले डिग्री बाँड्ने काम मात्र गरेको छ तर रोजगार हासिल गर्ने योग्यता दिएको छैन । शिक्षाको अर्थ योग्य, सुखी र समृद्ध नागरिक उत्पादन गर्नु र आफ्नो कर्तव्यप्रति सजग हुनु हो । तर वर्तमान शिक्षा प्रणाली आफ्नो दायित्व निर्वाह गर्न असफल भएको कारण नै यसलाई परिवर्तन गर्न नितान्त आवश्यक रहेको छ।

सबैभन्दा पहिले शिक्षालाई शिक्षार्थी अनुकूल बनाउने खाँचो छ । त्यसपछि यसको पाठ्यक्रम र विषयहरूको चयन, साक्षर बनाउन मात्र नभई लोक व्यवहारमा निपुण बनाउने खालको हुनुपर्छ। उदाहरणका लागि आज पढाइ हुने केही विषय जीवनोपयोगी र विद्यार्थीहरूको इच्छा अनुसार नभई मात्र परीक्षा उत्तीर्ण गर्नको लागि पढाइन्छ। शिक्षण पद्धति पनि, किताबी मात्र नभई, व्यावहारिक हुनुपर्छ । यसैगरी बन्द कोठाको साटो खुला वातावरणमा शिक्षा दिने प्रावधान हुनुपर्छ। अनि मात्र शिक्षा आफ्नो वास्तविक लक्ष्य हासिल गर्न सक्छ।

यदि हामी देश र देशवासी सबै जातिको भलो होस् भन्ने चाहन्छौं भने यथासम्भव उधारोमा हासिल भएको यस शिक्षा प्रणालीलाई परिवर्तन गरेर यसको ठाउँमा देश र समय सुहाउँदो आवश्यकता अनुरूप कुनै नयाँ प्रणाली लागू गर्ने आवश्यकता छ अन्यथा हामी बिस्तारै आफ्नो अस्मिता गुमाई घरको न घाटको हुनेछौं र त्यस परिस्थितिबाट बाहिर निस्कन धेरै कठिन हुन जानेछ । आज शिक्षाप्रति सजग हुनु जरूरी छ। शिक्षा स्वदेशको इच्छा–आवश्यकताको वाहक र स्वदेशी माध्यमबाट दिने बनाउनु अत्यन्त खाँचो छ। यदि वर्तमान शिक्षा प्रणालीमा परिवर्तन गरिएन भने यस देशको पशुपतिनाथ नै मालिक हुनेछन् ।

# निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न हामी जुटेका छौं –आयोग

काठमाडौं, १ फागुन/

आगामी वैशाख ३० गते निर्धारण गरिएको स्थानीय तह निर्वाचनलाई सफल तुल्याउन निर्वाचन आयोग सघन तयारीमा जुटेको छ।

आसन्न निर्वाचनको पूर्वतयारीमा नियमितरूपमा कार्यसम्पादन गर्दै आएको आयोगले निर्वाचन कार्यतालिकासमेत स्वीकृत गरिसकेको छ।

आयोगद्वारा आइतवार आयोजित पत्रकार भेटघाट कार्यक्रममा सचिव गोकर्णमणि दवाडीले निर्वाचनलाई सफल तुल्याउन सघन तयारीमा जुट्नका साथै कार्यतालिकासमेत स्वीकृत गरिसकेको जानकारी दिए।

निर्वाचनको अन्तिम मतदाता नामावली तयारी गर्ने, सामग्रीको व्यवस्थापन गर्ने, राजनीतिक दल दर्ता गर्ने, मतदाता शिक्षा सामग्री तयारी तथा कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन कार्यक्रम तयारी गरी प्रकाशन गर्ने, निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना गर्ने, निर्वाचन आचारसंहिता लागू गर्नेलगायतका क्रियाकलाप निर्वाचन कार्यतालिकामा समेटिएका छन्।

निर्धारित मतदानस्थलमा मतदान केन्द्र तोक्ने, निर्वाचन सञ्चालनका लागि जनशक्तिको आकलन तथा परिचालन गर्ने, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन पर्यवेक्षण तथा अनुगमनको व्यवस्थापन गर्ने, मतपत्र व्यवस्थापन गर्ने, उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, निर्वाचन चिह्न प्रदान गर्ने, निर्वाचनसम्बन्धी प्रचारप्रसार गर्ने कार्यतालिका छन् । मतदाता शिक्षा

(बाँकी पाँचौं पातामा)

## पाठक प्रतिक्रिया

# विपीको कालजयी उक्ति

२८ गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'राज्यको आय स्रोतः अज्ञानी नेता र सोझा जनता' पढें । नेपालमा चुनावको मौसम शुरू हुने बेला आएको छ। वैशाखमा स्थानीय र लगत्तै प्रतिनिधिसभा चुनाव हुनेछ। अतः लेखमा हामी सोझा जनताको आँखा खोलिदिएकोमा लेखकलाई धन्यवाद छ। तर नेताहरूलाई अज्ञानी भन्नु मनासिब छैन। उनीहरूलाई भनेको कुरा न पूरा गर्नु छ, न जनतासँग कुनै सरोकार छ। केवल चुनाव जित्नु मुख्य कुरा हो।

जनता दुई किसिमका हुन्छन् : एउटा तपाईंले भने अनुसार सोझो र अर्को बाठो। नेताले बाठालाई र बाठा जनताले सोझा जनतालाई डोऱ्याएका हुन्छन्। यस प्रक्रियामा नेता र बाठाबीच केही बाँडफाँड हुन्छ। एउटा उखान छ :

'तेति पावँ पसारिये जेति लम्बी ठौर' यसको पुष्टि पूर्व पृष्ठको लेखमा राजेन्द्रप्रसाद कोइरालाले दिएको बिपीको उक्तिले पनि गर्छः विकसित मुलुकको तडकभडक देखेर त्यसैमा हुरुक्क भई हामी विकासलाई रोमान्टिक वस्तु नठानौं। मेरो विचारमा बिपीको यो उक्ति हाम्रो त के सबै गरीब देशहरूका लागि कालजयी उक्ति हो । तर हुन्छ यसको ठीकविपरीत ।

एउटा सानो कृषकको पाँच बिघा खेत थियो । उसको परिवारको पालनपोषण राम्रैसँग चल्थ्यो तर बचत हुँदैनथ्यो । एक साल अकाल पऱ्यो । उसको खेतमा धान भएन साहुसँग ऋण लिएर वर्षभरिको खर्च धान्यो । अर्को वर्ष धान त भयो तर साहुले खलिहानबाटै कर्जाबापत सबै धान लग्यो। उसले फेरि ऋण लिनुपऱ्यो । यो चक्र उसको जीवनभरि चल्यो। कृषकको छोरो जवान भयो । एक दिन ऊ कृष्णा टाकिज, रक्सौलमा मदर इन्डिया फिल्म हेर्न गयो। उसको मनमा उथलपुथल मच्चियो । उसले बाटो निकाल्यो। सबैभन्दा पहिले उसले खलिहानबाट जाने धान रोक्न लगायो। साहुको ब्याज दुरुस्त गऱ्यो। खान पुग्ने धान राखेर सीमित मात्र धान साहुलाई दिन थाल्यो । केही दिनपछि ऋणबाट उऋण भयो। विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषहरू त्यही साहुका धनसर हुन् । गरीब देश त कहिले पनि उऋण हुनै पाउँदैनन् । चिनियाँ ऋणको पासो झन् उदेकलाग्दो छ । त्यसैले मेरो विचारमा गरीब देशहरूले स्वावलम्बी बन्दै गच्छे अनुसार विकास गर्दै जानुपर्छ, गगनचुम्बी महल देखेर त्यस्तै होडबाजीमा जाने होइन। हेमा मालिनीको गाला जस्तो रोड न्यूयोर्कमा चाहियो होला लालूको मोतिहारीमा के प्रयोजन ? तर हामी त्यस होडमा हाँस त बन्दैनौं नै गौरैया पनि रहँदैनौं ।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# यस्ता छन् प्रधानन्यायाधीशमाथि लागेका आरोप

काठमाडौं, १ फागुन/रासस

सत्ता गठबन्धनका सांसदहरूले सङ्घीय संसद् सचिवालयमा प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणाविरुद्ध दर्ता गरेको महाअभियोग प्रस्तावमा विभिन्न २१ आरोप लगाइएका छन्। महाअभियोग प्रस्तावमा ९८ जना सांसदको हस्ताक्षर छ।

प्रस्तावमा प्रधानन्यायाधीश जबराले लोकतन्त्र, विधिको शासनको गर्न अक्षम भएको तथा लोकतन्त्र, मानव अधिकार, जनताको न्याय, विधिको शासन, संवैधानिक सर्वोच्चता एवं स्वतन्त्र, सक्षम, निष्पक्ष र जिम्मेवार न्यायपालिकाको जगेर्ना गर्न अक्षम रहेको आरोप लगाइएको छ। सर्वोच्च अदालतलगायत न्यायपालिकाभित्र नै निजको कार्यकालमा अतिशय विकृति, विसङ्गति, भ्रष्टाचार तथा बिचौलियाले प्रवेश पाएका र बढाउँदै लगेको विद्यमान व्यवस्था रहेको महाअभियोग लगाउनुपर्ने आधार र कारणहरू अभियोगमा उल्लेख गरिएका छन्।

संवैधानिक जिम्मेवारीलाई आफ्नो निजी सरह स्वच्छाचारी ढङ्गले देखादेखी दुरुपयोग गरेकाले नेपालको सिङ्गो न्याय क्षेत्र र कानूनको रक्षा एवं स्वतन्त्र र सक्षम न्यायपालिकाको श्रीवृद्धि गर्नुपर्ने अहम् दायित्व बोकेका प्रधानन्यायाधीले सोअनुरूपको कर्तव्यपालना गर्न अक्षम तथा पूर्णतः विफल रहेको प्रस्तावमा उल्लेख छ।

प्रधानन्यायाधीश राणाको कार्यहरू एकपछि अर्को गर्दै विवादास्पद, आपत्तिजनक, पदीय मर्यादा र आचरण विपरीत एवं संविधान र कानून विपरीत हुँदै आएको उल्लेख गर्दै प्रस्तावमा भनिएको छ, "लोकतन्त्रमा न्यायपालिकालाई संविधानको अन्तिम व्याख्याता र राज्यका अन्य अङ्गमाथि शक्ति सन्तुलन कायम राख्ने महत्त्वपूर्ण निकायका रूपमा लिइन्छ। सक्षम एवं सशक्त न्यायालयको अभावमा सिङ्गो संविधान र त्यसले परिकल्पना गरेका कुनै पनि व्यवस्था यथार्थतामा कार्यात्मक र जीवन्त हुन सम्भव छैन। यसका लागि न्यायालय सम्पूर्णरूपमा स्वतन्त्र, सक्षम, निष्पक्ष, स्वच्छ, भ्रष्टाचारमुक्त जिम्मेवार हुनु जरुरी छ।"

महाअभियोग प्रस्तावमा प्रधानन्यायाधीशको उच्च पदीय जिम्मेवारीका अतिरिक्त नेपालको संविधानको धारा १३६ द्वारा पदासीन प्रधानन्यायाधीशलाई अति उच्च विश्वासका साथ प्रदान गरिएको संवैधानिक दायित्व पूरा गर्न राणा अक्षम रहेको, न्यायालयको साख, इज्जत, प्रतिष्ठा र प्रभावकारिता र जनआस्थालाई श्रीवृद्धि गर्ने संवैधानिक दायित्वबाट पूर्णरूपमा विमुख र विफल भएको उल्लेख गरिएको छ। प्रधानन्यायाधीश राणामा पदीय जिम्मेवारी, संवैधानिक आचरण र नैतिकता एवं कार्यक्षमतासमेत नदेखिएका कारणले निजलाई महाभियोग लगाउनुपर्ने पर्याप्त आधार, कारण एवं अवस्था विद्यमान देखिएको उल्लेख गरिएको छ।

प्रस्तावमा संवैधानिक परीक्षण गर्न दायर भएका रिट निवेदनको समयमै प्रधानन्यायाधीश राणाले निरूपणको व्यवस्था गर्नुपर्नेमा पदीय जिम्मेवारीविपरीतको कार्य गरी न्यायमा विचलन ल्याएको तथा न्यायिक अधिकार छिटोछरितो निरूपणका लागि हो न कि न्यायिक पदाधिकारीको आफ्नो वा अन्य कसैको निहित स्वार्थ परिपूर्तिको लागि दुरुपयोग गर्ने हो भन्ने प्रश्न उठाइएको छ।

प्रधानन्यायाधीश राणाले आफूसमेत संलग्न भई विभिन्न संवैधानिक अङ्गमा पदाधिकारीको नियुक्ति सम्बन्धमा परेका रिट निवेदनको एक वर्षसम्म पनि प्रारम्भिक सुनुवाइसम्म नगरी राखेको पाइएको प्रस्तावमा भनिएको छ। प्रस्तावमा अगाडि भनिएको छ, "सर्वोच्च अदालतमा साप्ताहिक तथा दैनिक मुद्दाको पेसी र न्यायाधीश तोक्दा कुनै निश्चित आधार, मापदण्ड र मान्य प्रचलन एवं अभ्यासको पालना नगरी, मनोमानी र अपारदर्शी आधारमा इजलास गठन गर्ने र मुद्दा तोक्ने, न्यायाधीश तोक्दा खासखास किसिमका मुद्दा आफ्नो इजलासमा वा नियन्त्रणमा पर्ने गरी इजलास तोकेर न्यायापालिकालाई निरन्तर विवादमा ल्याएको र न्यायपालिकाभित्र न्यायाधीशहरूका बीचमा पनि गुट उपगुट सिर्जना गरी न्याय दिन बसेका न्यायाधीशबीच नै आशङ्का, अन्योल र उदासीनताको वातावरण सिर्जना गरी अदालतको न्यायिक कार्यसञ्चालनमा बाधा अवरोध पुऱ्याएको छ।"

न्यायपरिषद्को अध्यक्षको हैसियतले सबै तहका अदालतका न्यायाधीशको नियुक्ति गर्दा निष्पक्ष एवं पारदर्शीरूपमा गर्नुपर्नेमा मनोमानी ढङ्गले नियुक्त गरिएका कतिपय व्यक्तिको योग्यता, क्षमता र अनुभव नभएकाले त्यस्तो गैरकानूनी नियुक्तिको कानूनी र नैतिक दायित्व प्रधानन्यायाधीशले पालना नभएको, निजको सक्रियतामा नियुक्त न्यायाधीशको स्वीकार्यतामा नै प्रश्नचिह्न खडा भएको महाअभियोग प्रस्तावमा समावेश छ।

आफ्नै परिवारका सदस्य र नातागोताका व्यक्ति एवं आफूले नियुक्त गरेका कतिपय न्यायाधीश र पदाधिकारीलाई बिचौलियाका रूपमा संलग्न गराइ भ्रष्टाचार र अनियमितता गरी अवैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा संलग्न रहेको, परिवारका नाममा जोडेका सम्पत्तिको विवरण सार्वजनिक भएपछिको जानकारीबाट पनि प्रधानन्यायाधीश राणाको आचरण, पदीय मर्यादासँग अमिल्दो र बिल्कुल अस्वाभाविक देखिन आएको ९८ जना सांसदको दाबी छ।

प्रधानन्यायाधीशको सम्मानित पद मुलुकको संविधान र कानूनको रक्षा गर्न वा भोका, निमुखा, अन्यायमा परेका जनताको रक्षाका लागि होइन आफू र आफ्ना परिवार एवं सीमित घेराका निहित स्वार्थी बिचौलियाका हकहितको संवर्द्धन र संरक्षण गर्नका लागि निजबाट पदको दुरुपयोग भइरहेको भन्ने जनमानसमा पर्न गई न्यायपालिकाको छविमा गम्भीर असर र अनास्था उत्पन्न हुन गएको दाबी गरिएको छ।

प्रधानन्यायाधीश स्वयम् भ्रष्टाचार र अनियमितता गरी अवैध सम्पत्ति आर्जन गर्ने गराउने कार्यमा संलग्न रहेको विषयमा सम्पत्ति शुद्धीकरणलगायत नियमनकारी निकायमा छानबीनको माग भई उजुरीसमेत परेकोले यस सम्बन्धमा समेत छानबीन गर्न महाभियोगको कारबाई चल्न आवश्यक रहेको प्रस्तावमा उल्लेख छ।

प्रधानन्यायाधीश राणामाथिको आशङ्का र अविश्वास तथा गैरन्यायिक आचरणका कारणले इजलासमा निज बस्न नसकेको, संविधानले परिकल्पना गरेको सक्रिय प्रधानन्यायाधीशको अवधारणा निष्क्रिय हुन गएको तथा आफ्नै कार्य तथा आचरणबाट पदीय जिम्मेवारी पालना गर्न गराउन अक्षम एवं असमर्थ रहेको निर्विवाद सिद्ध भएको प्रस्तावमा जोड दिइएको छ।

कोभिड जस्तो सङ्क्रमणबाट पीडित भई अस्पताल भर्ना भएको अवधिमा समेत बिदामा नबसी प्रचलित कोभिड सङ्क्रमणसम्बन्धी कानूनको उल्लङ्घन गर्ने कार्य गरी सर्वोच्च अदालतलाई जानीजानी नेतृत्वविहीन बनाइ नेपालको संविधानको धारा १२९ (६) को ठाडो उल्लङ्घन गरेको देखिएको दाबी गरिएको छ।

अन्य सहकर्मी न्यायाधीशहरू प्रधानन्यायाधीशसँग इजलासमा सँगै बसी न्यायसम्पादन गर्न तयार नभएको तथ्यलाई निज स्वयम्ले स्वीकार गर्दै अनेकन आक्षेप लाग्दा पनि केवल हाजिर जनाएर निवास फर्कने गरेबाट प्रधानन्यायाधीश राणाको नेतृत्वमा सर्वोच्च अदालत सञ्चालन हुन असम्भव हुन गएको प्रस्तावमा स्पष्ट गरिएको छ।

प्रस्तावमा भनिएको छ, "यस्तै, सशस्त्र प्रहरीका तत्कालीन वरिष्ठ अधिकृत रञ्जनकृष्ण कोइराला संलग्न

(बाँकी चौथो पातामा)

# महाभियोग दर्तासँगै प्रधानन्यायाधीश राणा कार्यसम्पादन गर्नबाट वञ्चित

काठमाडौं, १ फागुन/रासस

कार्यक्षमतामाथि प्रश्न उठाउँदै प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध सङ्घीय संसद् सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता भएसँगै उनी आफ्नो पदको कार्यसम्पादन गर्नबाट वञ्चित भएका छन्। महाभियोगको कारबाई प्रारम्भ भएपछि नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीले त्यस्तो कारबाईको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने संवैधानिक व्यवस्था छ। यसको अर्थ निलम्बन सरह हो।

सत्तारूढ दलका सांसदहरूले आइतवार सिंहदरबारस्थित संसद् सचिवालयमा नेपालको संविधानको धारा, १०१ बमोजिम सो प्रस्ताव दर्ता गरेका हुन्। प्रस्तावमा प्रधानन्यायाधीश राणालाई कार्यक्षमता नभएको अभियोग लगाइएको छ।

उक्त धारामा 'संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधिसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले नेपालको प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीविरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्ने' व्यवस्था छ। प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुनेछ।

महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानबीन गरी सिफारिश गर्ने प्रयोजनका लागि प्रतिनिधिसभामा एक महाभियोग सिफारिश समिति रहनेछ। समितिमा प्रतिनिधिसभाका एघारजना सदस्य रहनेछन्। धारा, १०१ को उपधारा (२) बमोजिम महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लङ्घन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधिसभाका कम्तीमा तीनजना सदस्यले प्रमाणित गरी पेश गरेमा धारा, १०१ को उपधारा (३) बमोजिमको समितिले त्यस्तो उजुरीमाथि सङ्घीय कानूनबमोजिम छानबीन गरी महाभियोगसम्बन्धी कारबाईका लागि प्रतिनिधिसभासमक्ष सिफारिश गरेमा महाभियोगको प्रस्ताव पेश हुन सक्नेछ।

महाभियोगको आरोप लागेको व्यक्तिलाई सफाइ पेश गर्ने मनासिब मौका पाउनेछ। महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्नेछैन।

सो प्रस्तावको प्रस्तावकमा नेकपा (माओवादी केन्द्र)का देवप्रसाद गुरुङ, नेपाली काङ्ग्रेसका डा पुष्पा भुसाल र नेकपा (एकीकृत समाजवादी)का जीवनराम श्रेष्ठ, समर्थकमा नेपाली काङ्ग्रेसका डा मीनेन्द्र रिजालसहित ९८ जना सांसद रहेका छन्।

सचिवालयका सहप्रवक्ता दशरथ धमलाले उक्त प्रस्तावलाई सभामुखसमक्ष पेश गरिने र सम्भवतः सभामुखले कार्यव्यवस्था परामर्श समितिको बैठक राखेर छलफल गरेपछि थप प्रक्रियाको आधार तय हुनेछ।

## कामु प्रन्यामा वरिष्ठतम् न्यायाधीश कार्की

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्ध सङ्घीय संसद् सचिवालयमा महाभियोगको प्रस्ताव दर्ता भएपछि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश दीपककुमार कार्की कामु प्रधानन्यायाधीश भएका छन्।

सत्तारूढ दलका सांसदहरूले उक्त प्रस्ताव आइतवार बिहान सिंहदरबारस्थित सचिवालयमा दर्ता गराएपछि उनी स्वतः कायममुकायम प्रधानन्यायाधीश भएका हुन्।

# एमसिसीलाई कम्युनिस्टहरूले हाउगुजी बनाए -रिजाल

प्रस, ठोरी, १ फागुन/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले अमेरिकी सहयोग परियोजना (एमसिसी)लाई कम्युनिस्टहरूले हाउगुजी बनाएको आरोप लगाएका छन्।

आइतवार ठोरी गाउँपालिका-४, विजयबस्तीमा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले अमेरिकाले पहिले पनि नेपाललाई सहयोग गर्दै आइरहेको प्रसङ्ग कोट्याउँदै संसारका करीब ४० देशमा एमसिसी परियोजना लागू भएको बताए। उनले नेपालले पनि विद्युत् प्रसारण लाइन निर्माणका लागि एमसिसी अनुमोदन गर्नुपर्नेमा जोड दिए।

नेका कार्यसम्पादन समिति सदस्यसमेत रहेका रिजालले एउटा सरकारले अर्को सरकारको स्तरमा गरेको सम्झौता फिर्ता भए नेपालको विश्वसनीयता नै अन्तर्राष्ट्रियस्तरमा गुम्न सक्ने बताए। उनले संसारबाट पतन भएको कम्युनिष्ट व्यवस्था अब नेपालमा नरहने भन्दै कम्युनिस्टले जनतामाझ एउटा कुरा गर्ने र व्यवहारमा अर्कै काम गर्ने भएकाले दुई जिब्रे पार्टी भएको आरोप लगाए।



वीरगंज/

नेका ठोरी गापा-४ कार्यसमितिद्वारा आयोजित कार्यक्रममा मधेस प्रदेशका प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरीले मधेसवादी दलका कारण वीरगंज राजधानी बन्न नसकेको आरोप लगाए। उनले पर्साकै मुख्यमन्त्री भएर पनि पर्साको विकास हुन नसकेको बताए।

नेका मधेस प्रदेशका महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठले ठोरीको विकास अब काङ्ग्रेसको नेतृत्वमा मात्र सम्भव हुने बताए। ठोरी गापाको स्थानीय सरकारको आलोचना गर्दै महामन्त्री श्रेष्ठले स्थानीय सरकारले चार वर्षसम्म खानेपानी आयोजना ल्याउन नसकेको तर नेकाले ल्याएको योजनामा भाँजो हाल्ने काम गरेको आरोप लगाए। उनले ठोरी गापाले निर्मलबस्ती खानेपानी उपभोक्ता समितिको अध्यक्ष पदबाट माइकल श्रेष्ठलाई हटाएर गैरकानूनी काम गरेको बताए।



तस्वीरः प्रतीक

कार्यक्रममा नेकाका क्षेत्रीय सभापति श्रीकान्त यादव, पूर्वसभापति रमेश पाण्डे, महाधिवेशन प्रतिनिधिहरू सहरूम राउत गद्दी, प्रकाश खनाल, वडाध्यक्ष किशोर तामाङ, प्रेम श्रेष्ठलगायतले मन्तव्य राखेका थिए।

ठोरी गापा-४ का सभापति मिलन श्रेष्ठको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको नेपाल शिक्षक सङ्घ ठोरीका अध्यक्ष चिरञ्जीवी सापकोटाले जानकारी गराए।

प्रस, वीरगंज/

वीरगंजमा युवा सङ्घ नेपालले एमसिसीको विरोधमा प्रदर्शन गरेको छ। बिपी उद्यानको लालबङ्गलाबाट निकालिएको विरोध ऱ्याली घण्टाघरमा पुगेर समापन भएको थियो।

ऱ्यालीमा सहभागी युवा सङ्घका कार्यकर्ताहरूले एमसिसी चाहिँदैन, देश बेच्न पाइँदैन, गो ब्याक एमसिसी, राष्ट्रिय हमला बन्द गरलगायतका नाराहरू लगाएका थिए।

राष्ट्रिय युवा सङ्घ नेपालका केन्द्रीय सदस्य एवं पर्सा इन्चार्ज अनिल पटेलको प्रमुख आतिथ्य तथा युवा सङ्घ नेपाल वीरगंज महानगरका अध्यक्ष उमेश ठाकुरको अध्यक्षतामा आयोजित कार्यक्रममा सञ्जु चौधरी, राखी खान, आकाश पटेल, अनिल कुशवाहा, दीपक साह, मुकेश पटेल, धर्मेन्द्र पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण श्रीलाल कुशवाहाले गरेका थिए।

प्रस, रौतहट/

युवा सङ्घ नेपाल, रौतहटले आइतवार गौरमा विरोध जुलुस प्रदर्शन गरेको छ।



रौतहट/

एमसिसी खारेज गर, देश बेच्न पाइँदैनलगायत नारा लगाउँदै उनीहरूले नगरपरिक्रमा गरेका थिए।

# फनपार्क निर्माण शुरू

सर्लाही, १ फागुन/रासस

वाग्मती नगरपालिकाले फनपार्क निर्माणको काम शुरू गरेको छ। दक्षिण एशियाकै ठूलो मानवनिर्मित तालको निर्माण गर्दै गरेको नगरपालिकाले बगैंचा पनि निर्माण गरिरहेको छ।

वडा नं ११ स्थित पूर्व-पश्चिम लोकमार्गबाट फनपार्कसम्म पुग्ने सडकको पनि व्यवस्थापन भइसकेको नगरप्रमुख भरतकुमार थापाले जानकारी दिए। उनका अनुसार चालू आर्थिक वर्ष २०७८/७९ मा सडक पनि पूर्णरूपमा निर्माण गरिसक्ने लक्ष्यका साथ काम भइरहेको छ।


सर्लाही जिल्लाको वाग्मती नगरपालिका-१२ मा १२१ बिघा क्षेत्रफलमा निर्माण गरिएको भरत तालमा पर्यटकहरू। तस्वीर : रासस

आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न सुव्यवस्थित फनपार्कको निर्माणको काम थालिएको नगरपालिकाले जनाएको छ। चुरे पहाडको फेँदी र वाग्मती नदीको किनारमा व्यवस्थित फनपार्कको निर्माण शुरू भएसँगै व्यवसायीको नजर पनि सो फनपार्क निर्माणस्थलतर्फ पुगेको छ। त्यहाँ निजी क्षेत्रबाट पनि रिसोर्ट निर्माणको काम शुरू भएको छ।

वाग्मती नदीको किनारमा शान्त ठाउँमा फनपार्कको निर्माण भइरहेकाले बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक आउने लक्ष्य लिइएको नगर उपप्रमुख लीलाकुमारी मोक्तानले बताइन्। फनपार्कभन्दा पश्चिम छिमेकी जिल्ला रौतहटको पर्यटकीय क्षेत्र नूनथर रहेको र नूनथरमा बर्सेनि लाखौं पर्यटक आउने गरेकाले नेपाल र भारतका पर्यटकलाई सुविधासम्पन्न फनपार्क उपलब्ध गराउँदा झन् धेरै पर्यटक आकर्षित हुने विश्वास आफूहरूले लिएको उनको भनाइ छ।

फनपार्क निर्माणपछि हजारौंले प्रत्यक्ष र अप्रत्यक्ष रोजगार पाउने जनाउँदै नगरप्रमुख थापाले फनपार्कबाट भरत तालसम्म केबलकार चलाउने र फनपार्कभन्दा माथि चुरेको डाँडामा गौतमबुद्धको प्रतिमा राखिने जस्ता ठूला योजना पनि फनपार्कसँग जोडिएको बताए।

# ५० लाखले गरे पनौतीको बाह्र वर्षे मकर स्नान र अवलोकन

काभ्रेपलाञ्चोक, १ फागुन/रासस

ऐतिहासिक, धार्मिक-सांस्कृतिक, पर्यटकीय तथा पुरातात्त्विक नगर पनौतीको बाह्र वर्षे मकर मेलामा ५० लाख भक्तजनले स्नान तथा अवलोकन गरेका छन् । मकर सङ्क्रन्तिबाट शुरू भएको मेलाको मकर-स्नान तथा अवलोकन शनिवारसम्म एक महीना चलेको थियो ।

मेला सुरुआतको हप्ता कोरोना सङ्क्रमणको जोखिमका कारण मकर-स्नान मात्र गर्न दिइएको थियो । त्यसयता कोरोना सङ्क्रमण मत्थर हुँदै जाँदा पनौती नगरपालिका-६ र ७ को सङ्गमस्थल त्रिवेणीघाटमा भक्तजनको भीड लाग्दै गएको थियो ।

शनिवारसम्म करीब ५० लाख भक्तजनले मकर-स्नान तथा अवलोकन गरेको मकर मेला मूल व्यवस्थापन समितिले जनाएको छ । समितिका सचिवालय संयोजक इन्द्रप्रसाद अधिकारीले एक महीनाको अवधिमा ५० लाख दर्शनार्थीले मेला अवधिभर पनौतीको अवलोकन, मठमन्दिरको दर्शन तथा स्नान गरेको जानकारी दिए ।

"कोभिडका कारण शुरूका दिन सुनसानजस्तै थियो, करीब १० दिनपछि दर्शनार्थीको घुइँचो लाग्दै गयो," अधिकारीले भने । उनका अनुसार बिदाका दिन करीब दुई लाखसम्मले मेला अवलोकन गरेका थिए । त्रिवेणीघाटमा नुहाइ त्यहाँको जल उत्तरतर्फ कुञ्जगिरीमा अवस्थित गोरखनाथलाई अर्पण गर्नाले ठूलो पुण्य मिल्ने धार्मिक आस्था रहँदै आएको छ ।

राजा प्रताप मल्लले विसं १७२७ मा रानीपोखरी बनाइसकेपछि विभिन्न तीर्थस्थलको जल राख्ने क्रममा पनौतीस्थित त्रिवेणीघाटको जल पनि राखेको शिलालेखमा उल्लेख गरिएको इतिहासविद्ले जनाएका छन् । तीन नदीको सङ्गमस्थल त्रिवेणीघाटमा पुण्यमाता र रोशी खोलाबाहेक पद्मावती नदी गुप्तरूपमा बहिरहेको मान्यता रहेको छ ।

भारतको प्रयागमा गङ्गा र यमुना नदीको सङ्गममा गुप्तरूपले सरस्वती मिसन नदी बगेझैं पनौतीस्थित रोशीलाई रुद्रावती नदी, पुण्यमाता नदीलाई लीलावती र गुप्तरूपले बहेकी ब्रह्मायणी मन्दिरको मुनिबाट दूध बग्ने नदी पद्मावती मानिँदै आएको छ ।



पनौती नपा-६ र ७ को सङ्गमस्थल त्रिवेणीघाटमा भक्तजनको भीड । तस्वीरः रासस

इन्देश्वर महादेवलगायत मन्दिरका कारण पनौती महत्त्वपूर्ण तीर्थस्थलका रूपमा मानिँदै आइएको छ । मेलामा काभ्रेपलाञ्चोकका अलावा राजधानीलगायत देशैभरबाट सहभागिता भएको नगरपालिकाले जनाएको छ । मेलामा नेपालका मात्र नभई उत्तर भारत प्रयागबाट समेत तीर्थालु आएको नगरप्रमुख भीम न्यौपानेले बताए ।

उनले भने, "भारतबाट समेत मेलामा सहभागिता जनाइएको छ, मेला सभ्य र भव्य बनाउन नगरपालिकाले विविध व्यवस्थापन गरेको थियो ।" अन्तिम दिन सार्वजनिक बिदाका दिनसमेत परेकाले ट्राफिक व्यवस्थापनमा निकै हम्मेहम्मे परेको उनले गुनासो गरे । उनका अनुसार कोरोनाको जोखिम नभए ७० लाख भक्तजन तथा दर्शनार्थीले पनौतीको मेला अवलोकन गर्ने अनुमान गरिएको थियो । मेला व्यवस्थापनका लागि नगरपालिकाले रु आठ करोडभन्दा बढी खर्च गरेको थियो ।

नगरपालिकाले ट्राफिक व्यवस्थापन तथा पार्किङ, स्वयंसेवक, प्रदर्शनी, खानेपानी वितरण, स्नान-कुण्ड सरसफाइ एवं व्यवस्थापन, मन्दिर तथा मेलास्थलको सरसफाइ, झाँकी प्रदर्शनी, त्रिवेणीघाटलगायत ऐतिहासिक बजार क्षेत्र सजिसजाउ, प्राथमिक उपचार, खोज तथा उद्धार, सूचना केन्द्र सञ्चालनको काम गरेको थियो ।

हरेक बाह्र वर्षमा महीनाभर लाग्ने 'मकर मेला' सभ्य र भव्यरूपमा सञ्चालन गर्ने तयारीस्वरूप भौतिक पूर्वाधारका कामसमेत गरिएको थियो भने सँगसँगै मेला प्रवर्द्धनका कार्यक्रमसमेत भएका थिए । मेलालाई थप व्यवस्थित बनाउन नगरपालिकासँग जोडिएका सडक पूर्णरूपले सञ्चालनमा ल्याउन निर्माण एवं स्तरोन्नति गरिएका थिए ।

जिल्ला प्रशासन कार्यालयले गत पुस अन्तिम सातादेखि कोरोना सङ्क्रमण बढ्दै गएपछि मेला-महोत्सव स्थगन गरी स्वास्थ्य सुरक्षा-मापदण्ड अपनाएर २५ जनाभन्दा कम व्यक्तिको उपस्थितिमा पनौतीस्थित त्रिवेणीघाटमा स्नान मात्रै गर्न दिएको थियो । मेला लाग्ने प्रमुख स्थान पनौतीस्थित त्रिवेणीघाट हो । पनौती सङ्घीय राजधानी काठमाडौंबाट पूर्वतर्फ २५ किलोमिटरको बनेपाबाट छ किलोमिटर दक्षिणमा पर्दछ ।

पनौतीका सबै प्रकारका विद्यालय एक महीनाका लागि बन्द गरिएको थियो । मेला अवधभिर मल्पी ड्यामबाट नियमितरूपले रोशी खोला तथा मल्पी-लीलावती बाँसडोल खोलामा स्वच्छ पानी बगाइएको थियो । यसका लागि खानी तथा खानीजन्य उत्खनन तथा पैठारी बन्द गरिएको थियो ।

मेला सम्पन्न गर्न गठित एक दर्जनभन्दा बढी उपभोक्ता समितिले त्रिवेणीघाट मात्र नभई सिङ्गो पनौतीलाई 'दुलही'झैं सिङ्गारेका थिए । पनौतीभित्रका मठमन्दिर तथा पाटीमा रङरोगन तथा झल्लर-तोरणले झिलिमिली बनाइएको थियो । साथै पनौती प्रवेश गर्ने मुख्य नाकामा स्वागतद्वारसमेत निर्माण गरिएका थिए ।

मेलालाई थप व्यवस्थित गर्न श्रद्धालुलाई स्नानका लागि त्रिवेणीघाट वरिपरि बेलिब्रिज र मानेश्वरी बसपार्कदेखि त्रिवेणीघाटसम्म पुण्यमाता खोलाको दायाँबायाँ पैदलमार्ग, विश्रामस्थललगायतका भौतिक संरचना निर्माण गरिएका थिए । नगरपालिकाले ढुङ्गेधारा मर्मत, थप धाराको व्यवस्था, फूटपाथ मर्मत, ऐतिहासिक पाटीका जस्तापाता निकालेर झिङ्गटीले छाउने र रथको आवश्यक मर्मत गरेको थियो ।

पनौतीबाट चल्ने सबै प्रकारका सवारीसाधनमा 'भिजिट मकर मेला-२०७८, पनौती' लेखिएका स्टिकर तथा फ्लेक्स टाँगिएका थिए । नगरपालिकाको योजना अनुसार त्रिवेणीघाटस्थित क्षेत्रमा रोशी खोलातर्फ सिंढी तथा रोशी खोलामा चार ड्याम तथा सोही क्षेत्रमा शौचालय मर्मत-सुधार, मानेश्वरी बसपार्क क्षेत्रमा शौचालय निर्माण तथा आवश्यकीय क्षेत्रमा अस्थायी शौचालय बनाइएको थियो ।

# आजदेखि दैनिक एकपटक रेल सञ्चालन

धनुषा, १ फागुन/रासस

लामो समयदेखि सञ्चालनको पर्खाइमा रहेको जनकपुर-जयनगर रेलसेवा सञ्चालन हुने भएको छ । रेल सञ्चालनको समय पटकपटक तोकिए पनि त्यो समय फेल हुँदै आएको थियो । नेपाल सरकारले बोगीसहितका दुई रेल खरीद गरेको झन्डै १५ महीनापछि रेलसेवा सञ्चालन हुन लागेको हो ।

आज आइतवारदेखि रेलसेवा नियमितरूपमा सञ्चालन हुने नेपाल रेलवे कम्पनीले जनाएको छ । जयनगर-बिजलपुर-बर्दिबाससम्म ६९ किलोमिटर रेलमार्ग अन्तर्गत पहिलो चरणमा जयनगर-कुर्थासम्म ३२ किलोमिटर रेल सञ्चालन हुन लागेको नेपाल रेलवे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले बताए ।

उनले भने, "आजदेखि नियमितरूपमा दैनिक एकपटक कुर्था-जयनगरसम्म रेल ओहोरदोहोर गर्नेछ, तर तत्काल यात्रीविनाको ड्राई रन मात्र हुन्छ ।" उनले केही दिनमा नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्तरूपमा उद्घाटन गरेपछि मात्रै यात्रीलाई राखेर दैनिक तीनपटक सेवा सञ्चालन गर्ने जनाए ।

रेल सञ्चालनका लागि चालकसहितका प्राविधिक कर्मचारी भारतीय रेल कम्पनी केआरसिएल कम्पनीसँग दुई पक्षीय जिटुजी सम्झौता भएको महाप्रबन्धक झाले बताए । बाँकी प्रशासनिक तथा सहयोगी गरी ६५ जना कर्मचारी नेपाल रेलवे कम्पनीले भर्ना गरी उनीहरूलाई तालीमसमेत दिई तयार गरिसकेको महाप्रबन्धक झाले जानकारी दिए ।




तस्वीरः रासस

## यस्ता छन् ...........

ज्यान मुद्दा, सर्वोच्च अदालतमा विचाराधीन रहेका सङ्गीन मुद्दाको शीघ्र सुनुवाइ नगरेको, पटकपटक पेसी स्थागित गरेको, संवेदनशील विचाराधीन मुद्दालाई प्रभावित गर्ने गरी सार्वजनिकरूपमैं फैसलाको व्याख्या गर्दै प्रतिरक्षा गरेको, सरकारी प्रवक्ता जस्तो भई इजलासबाहिर आफ्नो फैसलाबारे बोल्दै हिंड्नु र टीकाटिप्पणी गर्नु अदालतको गरिमा र पदीय मर्यादा अनुकूलको आचरण होइन, हुन सक्दैन ।"

भ्रष्टाचारको अभियोग लागेका मुद्दाको छिटोछरितो सुनुवाइ गर्ने प्रयोजनका लागि विशिष्टकृत अदालतको रूपमा विशेष अदालतको गठन र शीघ्र न्यायसम्पादनको व्यवस्था विगत दुई दशकअघिदेखि भएको भएपनि महीनौंदेखि न्यायाधीशको पदपूर्ति गर्न अनिच्छुक रही विशेष न्याय प्रक्रियामा समेत अवरोध सिर्जना गरेको प्रस्तावमा दाबी गरिएको छ ।

प्रस्तावमा भनिएको छ, "आफूसँग सम्बन्धित वा आफ्नो स्वार्थ सन्निहित मुद्दाको सुनवाइमा आफू संलग्न नहुने भनी संवैधानिक इजलासबाटै निर्णय गरेपश्चात् पनि प्रधानन्यायाधीश राणाले इजलासमा बसेर व्यक्त गरेको आफ्नो रायविपरीतको विषयवस्तु बनाइ संवैधानिक इजलासको सुनुवाइ रोकी पाउँ, भर्ती परेको रिट निवेदनलाई अस्वाभाविक तरीकाले निजले पूर्वअभ्यास विपरीत एकल इजलाससमक्ष पेसीमा चढाइ संवैधानिक इजलासलाई अनिश्चितकालसम्म अवरुद्ध गर्ने प्रबन्ध मिलाउन मुख्य भूमिका निर्वाह गरी संविधानको धारा १३७ ले प्रदान गरेको अधिकारको स्पष्टतः दुरुपयोग गरेको देखिएको छ ।"

प्रधानन्यायाधीशको नियुक्तको क्रममा राणाले सार्वभौम संसद्समक्ष गरेका प्रतिबद्धताविपरीत न्यायाधीशको पदपूर्ति र उचित समयभित्र मुद्दाको फछ्र्योट गर्न अक्षम रही निरन्तर न्यायमा अवरोध सिर्जना गरी आफू संविधानतः प्रधानन्यायाधीश नेतृत्वको जिम्मेवारी वहन गर्न पूर्ण अक्षम सिद्ध भइसकेको र संसदीय सुनुवाइका बखत व्यक्त निजको प्रतिबद्धता निजका कामकारबाईबाट झूटो साबित हुन गएको महाभियोग प्रस्तावमा स्पष्ट गरिएको छ ।

संवैधानिक परिषद्को पदेन सदस्यको रूपमा कार्यपालिकासँग हिस्सेदारी माग गरी संवैधानिक आयोग तथा अन्य आयोगमा आधार कारण र मापदण्डसमेत निर्धारण नगरी आफ्ना परिवारका सदस्य तथा निकटका व्यक्तिलाई प्रधानन्यायाधीश राणाले नियुक्तिको सिफारिश गरेको कुरा सार्वजनिक भइसकेकाले पनि त्यस्तो पदमा आसीन व्यक्तिले प्रधानन्यायाधीशको पदको घोर अपमान एवं दुरुपयोग हुने गरेको पुष्टि भएको भनिएको छ ।

न्यायपालिकाको विकृति, विसङ्गति र भ्रष्टाचारको सम्बन्धमा अध्ययन गर्न गठित न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वको समितिको प्रतिवेदन लागू गर्न अनिच्छुक तथा अक्षम देखिएको र सो प्रतिवेदन बुझ्ने क्रममा तत्काल कार्यान्वयनको प्रतिबद्धता प्रधानन्यायाधीश राणाले व्यक्त गरे पनि सोही प्रतिवेदनका विरुद्धमा अभिव्यक्ति दिई पदीय मर्यादा उल्लङ्घन गरेको दाबी गरिएको छ ।

मुलुकको कानून प्रणालीलाई दीर्घकालीन प्रभाव छाड्ने विधिशास्त्रीय महत्त्वको योगदान पुऱ्याउन प्रधानन्यायाधीश असफल भएको, जनताका निमित्त अन्धकार र बिचौलियाका निमित्त सुरक्षित स्वर्गका रूपमा न्यायपालिकालाई स्थापित गर्ने र सञ्चालन गर्ने असंवैधानिक एवं अमर्यादित हरकतबाट न्यायपालिकालाई मुक्ति दिलाउनु अपरिहार्य भएको प्रस्तावमा महत्त्वका साथ उल्लेख गरिएको छ ।

पूर्वन्यायाधीश, नागरिक समाज, नेपाल बार एशोसिएशन एवं सर्वोच्च अदालत बार एशोसिएशनसमेतबाट प्रधानन्यायाधीशको कार्यमा गम्भीर प्रश्न खडा गरी अविश्वास प्रकट गरेको, सर्वोच्च अदालत प्रवेशमा रोक लगाउन १०० दिनभन्दा अघिदेखि धर्ना, जुलुस, सभा सम्मेलनसमेतका विभिन्न कार्यक्रम भएकोसमेत स्मरण गरिएको छ । संवैधानिक प्रणाली सुसञ्चालन हुनमा बाधा उत्पन्न भइरहेको र तत्काल यो परिस्थितिबाट न्यायोचित निकास दिनका लागि महाभियोगद्वारा निजको पदमुक्ति अति आवश्यक हुन आएको प्रस्तावमा उल्लेख गरिएको छ ।

## फरक समाचार

# डिजाइनर बगैंचा जहाँ लाखौंमा बिरुवा बिक्री हुन्छ

रूखबिरुवालाई आफ्नो जीवनको अङ्ग मान्ने सोनभद्र, उत्तरप्रदेशका ४३ वर्षीय सुमित शाहको यो शोख एक दिन उनको व्यवसाय बन्छ भन्ने उनले कल्पना पनि गरेका थिएनन् । उनको परिवारले वर्षौंदेखि सुन्दर बोटबिरुवाको व्यापार गर्दैछन् र शहरका विभिन्न ठाउँमा उनीहरूको आउटलेट्स पनि छन् ।



फोटोग्राफीको काम छाडेर सुमितले नर्सरी खोल्ने निर्णय गरे । उनले भने, म सदैव बोटबिरुवाको नजीक बसें, घरमा पनि मैले १२ सयवटा बिरुवा लगाएको छु । गत वर्ष मेरो पिताको निधन भएपछि फोटो स्टुडियोको काममा मन लागेन, त्यसपछि मैले नर्सरी खोलेर मान्छेको घरमा गार्डेन सेटअप गर्न शुरू गरें ।

मात्र आठ महीनामा उनको काम राम्ररी चल्न थाल्यो र आम्दानी पनि मनग्य हुन थालेको छ । उनको नर्सरी (बोन्साइ प्लान्ट नर्सरी इन सोनभद्रा) कुनै सामान्य नर्सरी होइन । यहाँ बढीजसो बिरुवा कलात्मक हुन्छ । सुमितलाई बोन्साइको शोख छ । उनीसँग पाँच सयभन्दा बढी बोन्साइ बिरुवा छन् ।



उनले बिरुवालाई कटिङ गरेर कलात्मक बनाउँछन् । छानेर-रोजेर पीपल, नीम, बरलगायत अन्य बिरुवा र अन्य नर्सरीबाट धेरै पुराना बोन्साइ बोट ल्याउँछन् । त्यसलाई कलात्मक बनाएर बेच्छन् । उनीसँग पचास वर्ष पुरानो पीपलको बोटको गमला छ, जसको मूल्य भारु डेढ लाख राखेका छन् ।

उनी भन्छन्, मसँग सामान्य नीमको बोट पनि अनौठो आकारमा पाइन्छ । म हरेक बिरुवालाई फोटोग्राफरको दृष्टिकोणले हेर्छु । कुन गमलामा कस्तो आकारको बोट राम्रो देखिन्छ, त्यो तयार गर्छु । साधारणतया बोटबिरुवा ठूलो भएपछि फलफूल दिन्छन् तर उनले बनाएको गमलामा नै बोटले फल र फूल दिने गर्छ ।

# सासको माध्यमबाट दिइने कोरोनाको खोप

क्यानडाको मैकमास्टर युनिभर्सिटीका वैज्ञानिकले सासको माध्यमबट दिने खोप तयार गरेका छन् । वैज्ञानिकले दाबी गरेका छन्, नयाँ इनहेल्ड भ्याक्सिन कोरोनाका सबै भेरियन्टमा असरदार हुन्छ ।

जर्नल सेलमा प्रकाशित रिपोर्ट अनुसार विशेष प्रकारको यो खोप सासको



माध्यमबाट दिइन्छ । यसैले यसलाई एरोसोल भ्याक्सिन पनि भनिन्छ । कोरोनाका नयाँ भेरियन्टमा यो खोप असरदार साबित हुन सक्छ । यस खोपले सीधैं फोक्सो र सास नलीलाई लक्ष्य गर्छ ।

अहिले कोरोनाको खोप प्रायःजसो नसाको माध्यमबाट दिइन्छ । इनहेल्ड भ्याक्सिन मान्छेको मुखको माध्यमबाट दिइन्छ । सास तानेर यो खोप शरीरमा पुग्छ । कोरोना भाइरस मुख र सास नलीबाट शरीरभित्र पस्छ । त्यस कारण यो खोप असरदार हुन सक्छ । यो खोप सीधैं फोक्सो र सास नली हुँदै शरीरभित्र पस्छ, जसले गर्दा खोप निकै असरदार हुने विज्ञहरूले बताएका छन् ।

शोधकर्ताको भनाइ छ, बढीजसो खोपले कोरोनाको त्यस स्पाइक प्रोटीनलाई टार्गेट गर्छ, जसको माध्यमबाट यो शरीरभित्र प्रवेश गर्छ । भेरियन्ट बदलिएपछि खोप कम असरदार साबित हुन सक्छ तर हाम्रो खोपले भाइरसका भिन्दाभिन्दै भागलाई टार्गेट गर्छ, यसैले नयाँ भेरियन्टमाथि पनि यो असरदार छ । यस खोपबाट विशेष प्रकारको इम्युनिटी विकसित हुन्छ, जसले धेरै हदसम्म कोरोनाबाट सुरक्षा प्रदान गर्छ ।

शोधकर्ताको भनाइ छ, यदि रोगीलाई इनहेल्ड खोप दिइन्छ भने यसको मात्रा निकै कम हुन्छ । अहिले इन्जेक्सनको माध्यमबाट जुन खोप दिइरहेको छ, त्यसको एक प्रतिशत मात्र मनुष्यलाई इनहेल्डबाट दिइन्छ । यसबाट खोप धेरैजनालाई दिन सकिने र खोपको पनि बचत हुने प्राध्यापक ब्रायन लिचीले बताए । उनले यो खोप एउटा गेमचेन्जर साबित हुने पनि दाबी गरे ।

क्यानडाका वैज्ञानिलके बनाएको यो खोप पहिलो होइन, यसभन्दा पहिले पनि चीनको कम्पनी सिनोफार्मले सन् २०२१ मा इनहेल्ड भ्याक्सिन बनाएको घोषणा गरेको थियो । चेन वेईको टीम र चिनियाँ बायोटेक कम्पनी कैनसिनो बायोलोजिक्स इङ्कले मिलेर यो खोप तयार गरेको थियो । यो खोप पनि मुखबाट नै दिइन्थ्यो ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## रूसमा एक दिनमैं दुई लाखभन्दा बढी कोरोना सङ्क्रमित

मस्को, १ फागुन/सिन्ह्वा

रूसमा गएको २४ घण्टामा धेरै सङ्क्रमित देखिएका बताइएको छ । यहाँको स्वास्थ्य मन्त्रालयले जनाए अनुसार यहाँ शनिवार मात्र दुई लाखभन्दा बढी सङ्क्रमित देखिएका जनाएको छ । यहाँ पछिल्ला केही दिनहरूमा बढी मात्रामा र अहिलेसम्मकै सबैभन्दा बढी कोरोना सङ्क्रमित देखिने गरेका छन् ।

यहाँ हरेक दिन अहिलेसम्मकै २४ घण्टाभित्र देखिएका सबैभन्दा बढी सङ्क्रमित देखिने गरेका स्वास्थ्य अधिकारीहरूले जनाएका छन् ।

यहाँ अहिलेसम्म एक करोड ३९ लाखभन्दा बढी कोरोना भाइरसका सङ्क्रमित देखिएका बताइएको छ । त्यसैगरी, यहाँको सरकारले बताए अनुसार यहाँ गएको २४ घण्टामा नै कम्तीमा पनि ७२९ जना सङ्क्रमितको निधन भएको छ ।

योसमेत गरी यहाँ अहिलेसम्म तीन लाख ३९ हजार ४१४ जनाको ज्यान गएको छ । रूसमा सबैभन्दा बढी सङ्क्रमित हुने स्थान राजधानी मस्को नै रहेको पनि यहाँका स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

रूसमा पछिल्लो समयमा विकसित भएको ओमिक्रोन भेरियन्टको प्रकोप बढेको बताइएको छ । रासस

## लिबियाको राजनीतिक सङ्कटबारे महासचिव गुटरेसको आग्रह

संयुक्त राष्ट्रसङ्घ, १ फागुन/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले लिबियामा स्थायित्वका लागि त्यहाँका सबै पक्ष लाग्नुपर्ने बताएका छन् । लिबियाको स्थायित्वका लागि त्यहाँका राजनीतिक दलहरूलाई आग्रह गरिएको महासचिव गुटर्रेसका प्रवक्ताले प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।

लिबियामा पछिल्लो समयमा राजनीतिक सङ्कट चुलिंदै गएको छ । त्यसैले यस देशको स्थायित्व र राजनीतिक निकासका लागि सबै पक्षको सक्रियताको आवश्यकता रहेको सो विज्ञप्तिमा जनाइएको छ ।

लिबियामा गएको डिसेम्बर महीनामा राष्ट्रपतिको निर्वाचन हुने कार्यक्रम तय भएको थियो । तर पछि सो निर्वाचन सम्पन्न हुन नसकेकोले यहाँ राजनीतिक सङ्कट चुलिंदै गएको छ ।

संयुक्त राष्ट्रसङ्घले यहाँ राजनीतिक सङ्कट थप गहिरिन नदिनका लागि सबै पक्षसँग छलफल चलाएको बताइएको छ। गएको डिसेम्बरको पूर्वनिर्धारित समयमा राष्ट्रपतिको निर्वाचन सम्पन्न गर्न नसकेपछि यहाँ राजनीतिक स्थायित्वको प्रश्न उठेको छ। अहिलेको सरकार र संसद्को वैधानिकतामाथि पनि प्रश्न उठेको बताइएको छ। त्यसैले यहाँको पछिल्लो राजनीतिक अवस्थाका बारेमा सबै गम्भीर हुनुपर्ने भन्दै यहाँका सबै राजनीतिक दललाई महासचिव गुटर्रेसले आग्रह गरेका हुन् । रासस

## इराकले पनि आफ्ना नागरिकलाई युक्रेन छोड्न आदेश दियो

मस्को १, फागुन/सिन्ह्वा

पछिल्ला केही हप्तायता रूस र युक्रेनका बीचमा तनाव बढ्दै गएपछि इराकले पनि आफ्ना नागरिकलाई युक्रेन छोड्न आदेश दिएको छ । इराकले आफ्ना नागरिकलाई युक्रेन छोड्न शनिवार आदेश दिएको छ। त्यस्तै, त्यहाँ रहेका आफ्ना कूटनीतिक क्षेत्रका कर्मचारीहरूलाई पनि वार्षिक बिदा लिएर घर फर्किन आदेश दिएको छ ।

इराकको विदेश मन्त्रालयले शनिवार एक विज्ञप्ति प्रकाशन गरेर यो कुराको जानकारी गराएको हो । इराकका अधिकारीहरूले पछिल्लो समयमा युक्रेनको सीमा क्षेत्रमा रूसले आफ्ना ठूलो सङ्ख्याका सेना तैनाथ गरेर आक्रमणको तयारी गरेको जनाएको छ ।

यसअघि रूसले युक्रेनमाथि हमला गर्न लागेको भन्दै अमेरिका, बेलायतलगायतका पश्चिमी देशहरूले पनि आफ्ना दूतावास बन्द गरेर कर्मचारीलाई स्वदेश फर्काएका छन्। तर युक्रेनमा रूसले आक्रमण गर्ने भन्ने समाचारको रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले भने खण्डन गरेका छन्। उनले बाहिर हल्ला आएजस्तो रूसले युक्रेनमा हमला गर्ने भन्ने समाचार सत्य नरहेको बताएका छन् । रासस

### निर्वाचनलाई सफलतापूर्वक....

सञ्चालन गर्ने, मतदाता परिचयपत्र छपाइ तथा ढुवानी र वितरण गर्ने, सुरक्षा व्यवस्था मिलाउने, मतदान, मतगणना तथा परिणाम घोषणा गर्नेलगायतका क्रियाकलाप समावेश गरी कार्यतालिका स्वीकृत गरिएको प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

आयोगको परामर्शमा उक्त मितिमा एकै चरणमा निर्वाचन सम्पन्न गर्ने गरी सरकारले मिति घोषणा गरिसकेको छ।

निर्वाचन व्यवस्थापकीय कार्य गर्न आयोगलाई १२० दिन आवश्यक भएपनि मिति घोषणा गर्दा ९५ दिनको अवधि प्राप्त थियो ।

आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा रही बालिग मताधिकारका आधारमा हुने निर्वाचनका लागि १८ वर्ष उमेर पूरा गरेको नेपाली नागरिकको नाम मतदाता नामावलीमा समावेश गरी मतदाता हुन पाउने अधिकारको सुनिश्चिता गरिएको छ ।

मतदाता नामावली सङ्कलन नियमितरूपमा हुँदै आएकामा निर्वाचन मिति घोषणा भइसकेपछि मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य गत पुस २५ गते नै स्थगित भएको छ ।

संविधानले १८ वर्ष उमेर पूरा गरेका प्रत्येक नेपाली व्यक्तिको नाम अन्तिम मतदाता नामावलीमा समावेश हुने व्यवस्था गरेको छ। आयोगका अनुसार निर्वाचनमा १८ वर्ष उमेर पुग्ने दिन वैशाख २९ गते अर्थात् निर्वाचन हुने दिनभन्दा ठीक अघिल्लो दिनलाई आधार मान्ने गरी निर्दिष्ट मिति निर्धारण गरेको छ। सो व्यवस्थाले करीब थप दुई लाख युवाले आफ्नो मताधिकार प्रयोग गर्न पाउने सुनिश्चित भएको छ ।

आगामी वैशाख २९ गतेलाई १८ वर्ष उमेर पुग्ने दिनलाई तोकिएको मिति मान्दा 'एक करोड ७९ लाख मतदाता कायम हुने अनुमान' गरिएको प्रवक्ता शर्माले जानकारी दिए । निर्वाचन व्यवस्थापनका लागि आवश्यक पर्ने बजेटको तयारी अन्तिम चरणमा पुगेको तथा निर्वाचनका लागि करीब रु १२ अर्ब बजेट आवश्यक हुने अनुमान गरिएको सो अवसरमा जानकारी दिइयो ।

नेपाल सरकारसँग बजेट प्रस्तावसहित बजेट स्वीकृतिको प्रक्रियामा रहेको र सोअगावै निर्वाचन सामग्री खरीद प्रक्रिया अगाडि बढाउन अर्थ मन्त्रालयबाट बजेट सुनिश्चितता लिई प्रतिस्पर्धात्मक प्रक्रियाबाट बोलपत्र आह्वान गर्ने गरी मापदण्ड र स्पेसिफिकेशन स्वीकृत गरिएको छ ।

निर्वाचन आचारसंहिता, जनशक्ति व्यवस्थापन निर्देशिका, आर्थिक निर्देशिका, स्थानीय तह निर्वाचन निर्देशिका, निर्वाचन अनुगमन निर्देशिका, सुरक्षा (व्यवस्थापन) निर्देशिका, मतदान निर्देशिका, मतगणना निर्देशिका, मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिकालगायतका निर्देशिकाको मस्यौदा तयारी भइरहेको जानकारी दिइयो ।

निर्वाचनको तीव्र तयारीका क्रममा निर्वाचन आयोग र अन्तर्गत कार्यालयको कार्यालय समय बिहान ९ देखि साँझ ६ बजेसम्म कायम गरिएको छ भने बिदाका दिनमा समेत नियमित कार्यसम्पादन गर्ने व्यवस्था मिलाइएको छ ।

निर्वाचनमा विद्युतीय मतदान उपकरणको प्रयोगको सम्भाव्यताका सम्बन्धमा विज्ञसँग भएको छलफल तथा परामर्श अनुसार कार्य अध्ययन गरी सात दिनभित्र प्रतिवेदन पेश गर्न एक कार्यदलसमेत गठन गरिएको जानकारी दिइयो । आयोगले नयाँ थपिएका मतदाताका लागि मतदाता परिचयपत्र प्रदान गर्नेछ भने निर्वाचन आचारसंहिता आयोगले कहाँ कसरी लगाउने भनी निर्णय गरेको मितिदेखि सबै तहमा लाग्नेछ ।

आयोगले निर्वाचन र आफ्ना नियमित कार्यसम्पादनका क्रियाकलापलाई आमनागरिक तथा सबै सरोकारवालबीच सूचनाको सहज पहुँच स्थापित गर्न प्रवक्ता वा सहायक प्रवक्ताबाट हप्ताको दुईपटक (प्रत्येक सोमवार र बिहीवार) अपराह्न ४ बजे पत्रकार भेटघाट कार्यक्रम गर्ने भएको छ ।

आगामी दिनमा निर्वाचनका सबै क्रियाकलापलाई समेट्ने गरी आयोगले दैनिक ई बुलेटिनसमेत प्रकाशन गर्नेछ । सो अवसरमा सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले आयोग र आम सञ्चारमाध्यमबीचका समन्वय र सहकार्यका आधारमा आगामी निर्वाचन गतिविधि जनतासामू पुऱ्याउने उद्देश्यले पत्रकार भेटघाट कार्यक्रम सुरुआत गरिएको बताए ।

यसैबीच विगतका वर्षमा जस्तै यही फागुन ७ गते विभिन्न कार्यक्रमको आयोजना गरी सातवटा प्रदेश निर्वाचन कार्यालय र ७० वटा जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन दिवस मनाउने कार्यक्रम तय गरिएको जानकारी दिइयो।

### आजको राशिफल

| | |
|---|---|
| मेष: उदरपीडा | वृष: विजय |
| मिथुन: धनलाभ | कर्कट: भाग्योदय |
| सिंह: बेचैनी | कन्या: मनोरञ्जन |
| तुला: कर्मप्राप्ति | वृश्चिक: प्रगति |
| धनु: वादविवाद | मकर: यात्रालाभ |
| कुम्भ: कडाश्रम | मीन: सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

सरसफाइमा ध्यान दिउँ,
बिरामी हुनबाट बचौं ।
वीरगंज महानगरपालिका



**राफ्टिङको मजाः** पृथ्वी राजमार्ग अन्तर्गत धादिङ जिल्लाको त्रिशूली नदीमा राफ्टिङ गर्दै कञ्चनजङ्घा माविका विद्यार्थीहरू । राफ्टिङ गर्ने उचित समय कात्तिक महीनादेखि पुस महीनासम्मको हो तर जाडो मौसममा पनि राफ्टिङ गर्न सकिन्छ, यतिबेला पानीको सतह सामान्य नै रहने गरेको छ । कोभिड–१९ को कारण सुनसान भएको यस क्षेत्रमा अहिले स्कूल, कलेजका विद्यार्थीहरूलाई सहुलियत दिने गरेपछि आन्तरिक पर्यटक बढेका छन् । तस्वीरः पङ्कज श्रेष्ठ

## एमसिसीविरुद्ध कलैयामा प्रदर्शन

प्रस, निजगढ, १ फागुन/

मिलियन च्यालेन्ज कर्पोरेशन अर्थात् एमसिसी यथास्थितिमा नेपालले पारित गरे यो जस्तो ठूलो राष्ट्रघात र महाभूल अन्य कुनै नहुने आइतवार नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका नेताहरूले विरोध कार्यक्रममा बताएका हुन् ।




बाराको सदरमुकाम कलैयामा आज आयोजित एमसिसीविरुद्धको प्रदर्शनपछि भरत चोकमा सम्बोधन गर्दै त्यसको कडा विरोध गरिएको हो । कार्यक्रम नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य दिनेश राईले कुनै पनि हालतमा राष्ट्र, राष्ट्रियता, संविधानभन्दा माथि कोही पनि हुनै नसक्ने बताउँदै राष्ट्र, राष्ट्रियतालाई जोगाउँदै विकास, समृद्धिका लागि मुलुकमा आमूल परिवर्तन हुनुपर्ने बताए ।

"हाम्रो पार्टी स्पष्ट छ । सरकार सञ्चालनका लागि भएको गठबन्धनभन्दा माथि राष्ट्र, राष्ट्रियता, संविधान र जनता रहेको भन्दै अन्य पार्टीहरू जस्तो गठबन्धन टिकाउन र भत्काउन राष्ट्रिय अस्मिता लुट्न नदिने यदि कोही कसैले यस्तो गलत कदम चाले त्यसको पूर्णरूपमा सशक्त विरोध गर्नेछौं," नेता राईले भने ।

राष्ट्रघाती एमसिसी पास गर्ने पक्षमा नेकपा एमाले अर्थात् केपी ओलीसमेत रहेको घटनाक्रमले प्रस्ट पारिसकेको औंल्याउँदै नक्कली राष्ट्रवादसमेत आमजनताले बुझिसकेको उनले बताए । मुलुकको राष्ट्रिय अस्मिता लुटाएर र बन्दकी राखेर विकासका नाउँमा जनताका आँखामा छारो हाल्ने काम एमाले र नेपाली काङ्ग्रेसले गरिरहेको आरोप लगाए । आम सचेत नागरिकले एमसिसीको विरोध गर्नुपर्ने उनको भनाइ थियो ।

विकासका नाउँमा सडक, पुल पुलेसा, विद्युत्लगायतका विकासे ललीपप देखाएर राष्ट्रघाती काम गर्ने मुलुकलाई खेलमैदान बनाउन दिन नहुने वक्ताहरूले बताए । हाम्रा पुर्खाहरूले महीनौं दिनसम्म पानी मात्रै खाएर राष्ट्र, राष्ट्रियता जोगाइ राखेको इतिहास रहेको भन्दै कुनै पनि हालतमा मिलियन च्यालेन्ज कर्पोरेशन अर्थात् एमसिसी यथास्थितिमा पारित गर्न नहुने र गरिए नेपाल आमाप्रति धोका हुने वक्ताहरूले बताए। विरोध कार्यक्रममा नेकपा एकीकृत समाजवादीका नेताहरू दिनेश राई, सुन्दर विक, कमला अधिकारी, हरिओम गुप्ता, राम यादव, रमेश सुवेदी, राजेश पटेल, इमरान खान, दीपक सापकोटा, बतहु यादवलगायतले सम्बोधन गरेका थिए। पेशागत महासङ्घ बाराका अध्यक्ष चन्द्रप्रकाश सुवेदीको अध्यक्षतामा भएको सो विरोध कार्यक्रममा स्वागत कृष्णमणि चौधरी र कार्यक्रम सञ्चालन मुकेश कुशवाहाले गरेका थिए । नेकपा एस पार्टी कार्यालयबाट तीन सयको सङ्ख्यामा निस्किएको जुलुसले नगरपरिक्रम गरी विरोध कार्यक्रम गरेको थियो ।

## पर्सा इरिक्शा युनियन गठन

प्रस, वीरगंज, १ फागुन/

वीरगंजमा सञ्चालित



इरिक्शाचालकहरूको भेलाले नन्दकिशोर प्रसादको अध्यक्षतामा पर्सा इरिक्शा युनियन गठन गरेको छ ।

समितिको उपाध्यक्षमा मुकेशप्रसाद कुर्मी, कोषाध्यक्ष जारी हुसेन अन्सारी, सचिव विपिन कुशवाहा, सहसचिव सोनुकुमार पटेललगायत ११ सदस्य छन्।

यसअघि, वीरगंजमा आठवटा इरिक्शाचालकहरूको सङ्घसंस्था रहे तापनि उनीहरूले चालकको सुरक्षाको लागि केही गर्न नसकेको भन्दै नयाँ समिति गठन गरिएको अध्यक्ष नन्दकिशोरले बताए ।

वीरगंज महानगरभित्र गाडी चलाउन आफूहरूले अनुमति पाए पनि महानगरले नौवटा रूट निर्धारण गर्दा आठवटा सङ्घसंस्थाहरू मौन बसेकामा उनले दुःख व्यक्त गरे ।

वीरगंजमा करीब तीन हजारवटा इरिक्शा सञ्चालनमा छन् ।

## चिनियाँ नागरिक पक्राउ

काठमाडौं, १ फागुन/रासस

अवैधरूपमा नेपाल ल्याउँदै गरेको सुनजस्तो देखिने अर्धठोस पदार्थसहित एकजना चिनियाँ नागरिक पक्राउ परेका छन्। नेपाल प्रहरीको त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयले अवैधरूपमा ल्याउँदै गरेको चार हजार ८४० ग्राम सुनजस्तो देखिने सो पदार्थसहित राहदानी नम्बर इजे ०२४८१३१ वाहक चिनियाँ नागरिक ३६ वर्षीय झाङ लिलाई शनिवार पक्राउ गरी आइतवार सार्वजनिक गरेको हो ।

पक्राउ परेका चिनियाँ नागरिक हिमालयन एयरको उडानद्वारा काठमाडौं आएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । उनलाई प्रहरीले अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय अराइभल टनेल गेटनजीकै पक्राउ गरेको हो। पक्राउ परेका लिले चारवटा पोकामा भित्री पोशाकभित्र लुकाएर उक्त सामान ल्याएको प्रहरीले जनाएको छ । पक्राउ परेका उनीसँग आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# जनयुद्ध दिवसमा विभिन्न कार्यक्रम

प्रस, वीरगंज, १ फागुन/

२७औं जनयुद्ध दिवसको अवसरमा नेकपा माओवादीनिकट भ्रातृ सङ्गठन वाइसिएलले मानवसेवा आश्रममा कपडा तथा फलफूल वितरण गरेको छ।

वाइसिएल नेपाल, पर्साका अध्यक्ष पिन्टु रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य एवं पर्सा इन्चार्ज ओमप्रकाश गुप्ता, प्रदेश कमिटी सदस्य एवं महानगर इन्चार्ज बाबुराम कौशिक, रामबाबू बैठा, महानगर कमिटी सचिव सुरेन्द्र गुप्तालगायतको सहभागिता थियो।



मानवसेवा आश्रम वीरगंजमा न्यानो कपडा वितरण गर्दै।

यसैगरी, धोबिनी गाउँपालिकामा पनि जनयुद्ध दिवस मनाइएको थियो। कार्यक्रममा प्रभु पटेल, सुब्बा राम, इमदाद गद्दी, कामिल देवान, सन्तोष पटेललगायतले मन्तव्य दिएका थिए।

त्यस्तै, पर्सागढी नगरपालिकामा आयोजित जनयुद्ध दिवस कार्यक्रममा अमिताभ बच्चन दास, छोटेलाल पटेल, प्रेस सेन्टर, पर्साका अध्यक्ष नीरज पिठाकोटेमगरलगायतको सहभागिता थियो।

प्रस, जीतपुर/

नेकपा (माओवादी केन्द्र) जीतपुरसिमरा उपमहानगर कमिटीले २७औं जनयुद्ध दिवस मनाएको छ।

कार्यक्रमका प्रमुख अतिथि तथा केन्द्रीय सल्लाहकार उद्धव पोखरेलले निरङ्कुश शासनको अन्त्य र लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि माओवादीले आजकै दिनदेखि जनयुद्ध शुरू गरेको बताए। उनले मधेस प्रदेश सरकारले जनयुद्ध दिवसमा बिदा दिएर सराहनीय कार्य गरेको बताए।

नेकपा (माओवादी केन्द्र) जीतपुरसिमराका अध्यक्ष प्रेम बरालको सभापतित्वमा भएको कार्यक्रममा संविधानसभा सदस्य जयराम दाहाल, अर्जुन चिमोरियालगायतको सहभागिता थियो।


जीतपुरसिमरा उपमनपामा आयोजित कार्यक्रम। तस्वीरः प्रतीक

प्रस, पोखरिया/

नेकपा माओवादी केन्द्र, पोखरिया नगर कमिटीको आयोजनामा जनयुद्ध दिवस मनाइएको छ।

दिवसको अवसरमा आज साँझ पोखरिया बजारमा मैनबत्ती बालिएको नगर कमिटी अध्यक्ष पन्नालाल पटेलले बताए।


पोखरिया/

प्रस, रौतहट/

नेकपा (माओवादी) केन्द्र नगर कमिटी गौरले आइतवार २७औं जनयुद्ध दिवस मनाएको छ। गौर नगरपालिकाको बिपी चोकमा नगर कमिटी अध्यक्ष चन्देश्वर राउतको अध्यक्षतामा जनयुद्ध दिवस मनाइएको हो। मैनबती बाली जनयुद्ध दिवस मनाउने क्रममा नेकपा माओवादी केन्द्रका प्रदेश सदस्य सुधीर यादवले शहीदहरूको सपना पूरा नभए लोकतान्त्रिक गणतन्त्रको कुनै औचित्य नहुने बताए। शहीदहरूको इच्छा, आकाङ्क्षा पूरा गर्न सबै लाग्नुपर्ने बताए। सोही अवसरमा राजनारायण यादवले जनयुद्धको उदेश्यबारेमा प्रस्ट धारणा राखेका थिए।



रौतहट/

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |




## अनुदानको मल.....

वितरण भयो।

सुवर्ण सय एकको प्रतिकिलो रु एक सय मूल्य थियो भने ६४४४ प्रतिकिलो रु छ सय किलो थियो। यति महँगो धानको बीउ समय व्यतीत गरेर खरीद गरेको कारण त्यतिखेर किसानहरूले खरीद गरेनन्। बिक्री नभएको धानको बीउलाई कृषि कार्यालयमा भण्डारण गरिएको थियो। अहिले सो बीउ मुसाले खाएर छरिएको अवस्थामा छ भने केही कुहिएका छन्।

कृषि कार्यालयका जेटिए राजेश महतोले जेठको अन्तिममा धान बीउ खरीद भएर आएको कारण बिक्री हुन नसकेको बताए। उनले समयमा धानको बीउ उपलब्ध भएको भए किसानहरूले सहुलियतमा खरीद गर्थे तर त्यसो नभएको कारण बीउ वितरण हुन सकेन र अहिले यो अवस्थामा पुगेको हो।


## कोभिड सङ्क्रमण भई घरमैं बस्दा ध्यान दिनुपर्ने कुराहरू

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं।
- अरू व्यक्तिसँग भेटघाट नगरौ, भेटघाट गर्ने परेमा कम्तिमा २ मिटरको दूरी राखौ र मास्कको अनिवार्य प्रयोग गरौं।
- घरका अन्य सदस्यहरूले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरूमको प्रयोग गरौं।
- क्वारेन्टाइनमा बसेको व्यक्तिले प्रयोग गरेको मास्क तथा पन्जा जथाभावी नफालौ र सुरक्षित स्थानमा नष्ट गरौं।
- अलग भाँडाकुँडा प्रयोग गरौं।
- समय–समयमा साबुन पानीले कम्तिमा २० सेकेण्ड मिचिमिचि हात धुने अथवा सेनेटाईजर प्रयोग गरौं।
- प्रयोग गरिएका सामग्रीहरू साबुन पानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं।
- खोक्दा वा हाच्छिउँ गर्दा मुख र नाक रूमाल वा कुहिनाले छोपौं।
- ज्वरो, खोकी, स्वासप्रस्वासमा समस्या, घाँटी दुख्नेजस्ता समस्या देखा परेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## एनआरटी र हिमालयन शेर्पाको खेल बराबरी

काठमाडौं, १ फागुन/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत आइतवार भएको पहिलो खेलमा न्यूरोड टीम (एनआरटी) र हिमालयन शेर्पा क्लबबीच खेल बराबरीमा टुङ्गिएको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलको निर्धारित समयसम्म दुवै टोलीले गोल गर्न नसकेपछि खेल गोलरहित बराबरीमा टुङ्गिएको हो।

खेलको निर्धारित समयसम्म दुवै टोलीले उल्लेख्य खेल प्रदर्शन गर्न सकेनन्। यस बराबरी खेलसँगै एनआरटी १० खेलबाट १४ अङ्क जोडेर सातौं स्थानमा रहेको छ भने समान खेल खेलको हिमालयन शेर्पा १२ अङ्कका साथ अङ्कतालिकाको आठौं स्थानमा यथावत् छ।

## एपीएफ र सङ्कटाको खेल बराबरीमा सकियो

आइतवार सम्पन्न दोस्रो खेलमा विभागीय टोली नेपाल एपीएफ फूटबल क्लब र सङ्कटा क्लबले बराबरी खेल्दै अङ्क बाँडेका छन्। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा दुवै टोलीले गोलरहित बराबरी खेल्दै अङ्क बाँडेका हुन्।

निकै प्रतिस्पर्धात्मक खेलमा दुवै टोलीले गोलका अवसर सिर्जना गरे पनि सदुपयोग भने गर्न सकेनन्। यस बराबरी खेलसँगै सङ्कटा १० खेलबाट १५ अङ्क जोडेर अङ्क तालिकाको पाँचौं स्थानमा उक्लिएको छ भने समान खेल खेलको एपीएफ ११ अङ्क जोडेर अङ्क तालिकाको नवौं स्थानमा यथावत रहेको छ।

# ठकुराईको हत्या भएको भन्दै प्रदर्शन

प्रस, वीरगंज, १ फागुन/

वीरगंज महानगर, छपकैया निवासी साहेब ठकुराईको हत्या भएको भन्दै आइतवार मृतकका परिवारजनले प्रदर्शन गरेका छन्।

शुक्रवार छपकैया छोटी भन्सारनजीकै श्रीसिया नदीमा ठकुराईको शव भेटिएको थियो। परिवार स्रोतका अनुसार बिहीवार राति ८ बजे खाना खाएर बजार घुम्न निस्केका ठकुराईको मोबाइल राति ११ बजे बन्द भएको थियो। भोलिपल्ट उनको शव श्रीसिया भकुवा नाकानजीकै श्रीसिया नदीमा भेटिएको थियो। दोषीलाई कारबाईको माग गर्दै मृतकका परिवारजनलगायतले आज प्रदर्शन गरेका हुन्। मृतक ठकुराईको छाती तथा घाटीमा चोट लागेको परिवारजनले दाबी गरेका छन्।



तस्वीरः प्रतीक

पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेतले मृतकको शरीरमा घाउचोट नरहेको बताए। उनले मृतकको भिसेरा झिकिएको छ, शल्यपरीक्षणको रिपोर्टबाट यथार्थ जानकारी आउने बताए।

# एप प्रयोग गर्नेलाई एक तोला सुन उपहार

प्रस, वीरगंज, १ फागुन/

नेपाल बैंक लिमिटेडको मोबाइल एप प्रयोग गर्दा उपहारस्वरूप एक तोला सुन पाउन सकिने भएको छ।

सोही कार्यक्रम अनुसार एप प्रयोग गरी माघ २७ गते आयोजित कार्यक्रमका विजेता राज केसीलाई एक तोला सुन उपहार दिएको मधेस प्रदेश कार्यालयका प्रमुख शिवराम मिश्रले जानकारी दिएका छन्।



सो बैंकको बिर्तास्थित कार्यालयमा आयोजित कार्यक्रममा शाखा प्रमुख होमनाथ दाहाल, आदर्शनगर शाखा प्रमुख रामबाबूकुमार पटेल, सहायक शाखा प्रबन्धक प्रतीक्षा सिंह, मधेस प्रदेश कार्यालय प्रबन्धक सुनील घिमिरे, उपप्रबन्धक दीपेन्द्रकुमार झा, माईस्थान शाखा प्रमुख मधुशरण मण्डल, श्रीपुर शाखा प्रमुख शैलेन्द्र महतोलगायत सहभागी थिए।

नेपाल बैंक लिमिटेडले अयोजना गरेको उपहार कार्यक्रम विजेता राजु केसीले अन्य बैंक जस्तो नेपाल बैंकले पनि एप ल्याएको र सो एप प्रयोग गरेबापत आफूले सफलता पाएकोमा खुशी व्यक्त गरे।

कार्यक्रममा उपहार विजेता केसीले सबैलाई कनेपाल बैंकको एप प्रयोग गर्न सुझाव दिए।

# विद्युत् अवरुद्ध हुँदा सर्वसाधारणलाई सास्ती

प्रस, सेढवा, १ फागुन/

नेपाल विद्युत् प्राधिकरणले विगत दुई दिनदेखि बिजुली काटेको कारण उपभोक्ताहरूले समस्या बेहोर्नुपरेको छ।

शनिवार बिहानदेखि बेलुकासम्म बिजुली नआउँदा उपभोक्ताहरूले कठिनाइ भोग्नुपरेको हो।

विद्युत् अवरुद्ध हुँदा मोबाइलको नेटवर्क नहुने, कटानीपिसानी, ससाना घरेलु उद्योग बन्द भएको गुनासो छ।

यस सम्बन्धमा विद्युत् प्राधिकरण सबस्टेशन पोखरियाका प्राविधिक इन्जिनीयर निर्मल फौजदारले हेटौंडाबाट वीरगंजसम्म आउने हाई एक्सटेन्सनको तार परवानीपुरमा जडान भइरहेको हुँदा विद्युत् अवरुद्ध भएको बताए। उनले विद्युत् अवरुद्ध हुनेबारे पूर्वसूचना सार्वजनिक गरेको जानकारी गराउँदै आइतवार बेलुकासम्म विद्युत् जडान कार्य सम्पन्न हुने बताए।

# नेकपाले जनक्रान्तिको दिशा अघि सार्‍यो- लोहनी

प्रस, वीरगंज, १ फागुन/

नेकपा विप्लव समूहका पर्सा, बारा इन्चार्ज एवं केन्द्रीय सदस्य गुणराज लोहनीले अहिले विप्लव समूहले एकीकृत जनक्रान्तिको दिशा अगाडि सारेको दाबी गरेका छन्।

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाकक्षमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आयोजना गरेको २७औं जनयुद्ध दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले बहुदलीय राजतन्त्रात्मक संसदीय व्यवस्थालाई ध्वस्त पार्न फौजी कार्यदिशा सफल भएको र दीर्घकालीन जनयुद्धको कार्यदिशा असफल भएको र त्यसपछि नेकपाले जनक्रान्तिको दिशा अघि सारेको बताए। उनले हाइब्रिड, दलाल पूँजीवादी संस्था अब पतन हुन पुगेको दाबी पनि गरे।

उनले जनयुद्धका नायक प्रचण्डले बाटो बिराएको आरोप लगाए। उनले प्रचण्ड क्रान्तिलाई छाडेर भागेको भन्दै उनकै कारण देश दुर्दशामा पुगेको आरोप लगाए।

नेता लोहनीले शहीद परिवार, घाइते परिवार, बेपत्ता पारिएका परिवारप्रति पार्टी सदैव संवेदनशील रहने बताए।